सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ कात्तिक २०८०, आइतबार (12 Nov 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक २०६ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-



महानगरले रोक लगाए पनि प्लास्टिकका माला छ्यापछ्याप्ती



- ४० लाख माला खपत हुने अनुमान, पाँच लाख अपुग
- कसरी छुट्याउने नेपाली र आयातीत माला ?
- फूलमाला बिक्री गर्न महानगरले तोक्यो चार स्थान

(विस्तृत पृष्ठ २ मा)

कतारबाट पनि युरोप तस्कर हुँदै नेपाली श्रमिक

दलालले दुबईबाट नेपाली युवालाई युरोप तस्कर गर्दै आएका छन्

(विस्तृत पृष्ठ ६ मा)

जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितलाई चिसोबाट जोगिन सास्ती

जाजरकोटमा त्रिपालमुनि बसेका चार दीर्घरोगीको मृत्यु, बालबालिका, गर्भवती, सुत्केरी र वृद्धवृद्धा पनि समस्यामा

रुकुम पश्चिममा **मनीष खड्का**

१७ कात्तिकमा जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर भूकम्प गएपछि जाजरकोट र रुकुम पश्चिमका अधिकांश नागरिक घरबाहिर छन् । भूकम्पले घर भत्काएपछि पालको सहारामा बसिरहेका भूकम्प प्रभावितलाई चिसोले समस्या बनाउन थालेको छ । राम्ररी राहतसमेत पाउन नसकेका भूकम्प प्रभावितलाई चिसोबाट बच्न मुस्किल बन्दै गएको छ । बालबालिका, ज्येष्ठ नागरिक, सुत्केरी, गर्भवती र दीर्घरोगीलाई समस्या भएको छ । जाजरकोटमा भूकम्पछि चाजनाको मृत्यु भएको छ । दीर्घरोगबाट ग्रसित नलगाड नगरपालिका र कुशे गाउँपालिकामा दुई-दुईजनाको मृत्यु भएको हो । उनीहरूको चिसोकै कारण ज्यान गएको हुनसक्ने जिल्ला अस्पताल जाजरकोटका सूचना अधिकारी कृष्णबहादुर खत्रीले जानकारी दिए । पालिकहरूसँग समन्वय भइरहेको उनले बताए । जिल्लामा चिसोबाट ठूलो समस्या हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै हाई अलर्टमा रहेको उनले बताए । 'चिसो बढ्दै छ, विशेष गरी बालबालिका, गर्भवती, सुत्केरी, वृद्धवृद्धा र दीर्घरोगी उच्च जोखिममा छन्, हामी तिहारमा पनि बिदा नबसेर सचेतता बढाइरहेका छौं, पालिकाहरूसँग निरन्तर छलफल चलाइरहेका छौं, छिट्टै समन्वय बैठक गर्ने योजनामा छौं, समग्रमा हामी हाई हलर्टमा छौं,' उनले भने ।'

भूकम्पपीडितका लागि अस्थायी आवास बनाउन कार्यविधि पारित हुँदै

प्रतिपरिवार ५० हजार दिइने

नलगाड नगरपालिका प्रमुख डम्बरबहादुर रावतले वडा नम्बर ४ का ७७ वर्षीय गोपाल रावल र ४० वर्षीय सन्तोष रावलको मृत्यु भएको जानकारी दिए । उनले भने, 'मृतकका परिवारलाई ५० हजार रुपैयाँ दिने निर्णय गरेका छौं । घाइते ३ जनाको उपचार खर्च पनि हामीले व्यहोर्छौं ।'

» पृष्ठ ७ मा क्रमशः



जाजरकोटको भेरी नगरपालिका- १ घुयलनेटामा भूकम्पबाट घर भत्किएपछि त्रिपालमुनि बसेका बालबालिका । तस्बिर : **हेमन्त केसी**/रासस

- **डम्बरबहादुर रावत**, मेयर, नलगाड नगरपालिका, जाजरकोट



एकाधबाहेक सबै घरबाहिरै छन्, न्यानो कपडातिर जोड गर्दै छौं

- **रवि केसी**, मेयर, आठबिसकोट नगरपालिका, रुकुम पश्चिम



बालबच्चा, सुत्केरी, गर्भवती र वृद्धवृद्धा बढी प्रभावित छन्

- **हरिचन्द्र बस्नेत**, अध्यक्ष, कुशे गाउँपालिका, जाजरकोट



गोठ निर्माण गरेर भूकम्प प्रभावितको व्यवस्थापन गर्छौं

(अन्तर्वार्ता पृष्ठ ७ मा)

■ प्रभावित क्षेत्रबाट फर्किएका महामन्त्रीद्वयको प्रधानमन्त्रीलाई ध्यानाकर्षण

युद्धस्तरमा आवास निर्माण, सांसद विकास कोषको रोकिएको आठ अर्बभन्दा बढी रकमबाट पुनर्निर्माण

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

भूकम्प प्रभावित जाजरकोट र रुकुम पश्चिमबाट फर्किएका कांग्रेस महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापाले प्रधानमन्त्रीलाई ११ बुँदे ध्यानाकर्षण गराएका छन् । शनिबार बालुवाटारमा पुगेर राज्यसँग पीडितका अपेक्षा र सुझाव समेटेर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको ध्यानाकर्षणपत्र बुझाएका हुन् ।






ध्यानाकर्षणपत्रमा स्थानीय सरकारको नेतृत्व रहने गरी तत्काल राहत वितरणलाई व्यवस्थित गर्न जरुरी रहेको औंल्याइएको छ । 'नेतृत्व स्थानीय सरकारको, सहकार्य सर्वदलीय संयन्त्रको' नीतिलाई हरेक वडा तहसम्म कार्यान्वयन गर्न-गराउन सक्दा राहत र पुनर्स्थापनाको अभियानलाई अझ प्रभावकारी बनाउन सार्थक बल पुग्ने देखिन्छ,' ध्यानाकर्षणपत्रमा भनिएको छ ।

महामन्त्री थापाले प्रधानमन्त्रीले सुझावलाई सकारात्मक रूपमा लिएको र कार्यान्वयन गर्ने आश्वासन दिएको बताए । महामन्त्री थापाले राहत व्यवस्थापनमा एकद्वार प्रणाली

» पृष्ठ ७ मा क्रमशः

■ तिहारै आयो...



ललितपुरको सन्तानेश्वर मन्दिर परिसरबाट देखिएको काठमाडौं उपत्यकाको झिलिमिली बत्ती । तस्बिरः **संजित परियार**/नयाँ पत्रिका

सवा १३ करोड लागतको खानेपानी आयोजना सात वर्षसम्म अधुरै

पौने चार करोड खर्चिँदा ३० प्रतिशत काम, डिभिजन प्रमुख काफ्ले भन्छन्- बजेटको अनुपातलाई हेर्दा आयोजना सम्पन्न गर्न अझै दश वर्ष लाग्छ

झापामा **चिरञ्जीवी घिमिरे**

कन्काई नगरपालिका- २ जामुनबारीकी तुलसा राई (८८) को घरछेउमै खानेपानीको ट्यांकी छ । तर, उनले दैनिक रूपमा ट्युबेलको दूषित पानी प्रयोग गर्नुपर्छ । विपन्न तुलसाको घरमा पानी शुद्धीकरण गर्ने फिल्टरसमेत छैन ।

घरमा गाडेको ट्युबेलको पानी आर्सेनिकयुक्त छ । पानी थापेका भाडा नै केहीबेरमै रातो हुन्छ । पानी गन्हाएर खाइनसक्नु भएपछि गाउँबाट ट्युबेलको पानी ल्याएर प्रयोग गर्छिन्, तुलसा । 'यो कलको पानीले त भाँडा माझ्दा भाँडा नै रातो हुन्छ । नुहाउन पनि गाउँबाट पानी ल्याएर नुहाउँछु,' उनले नयाँ पत्रिकासँग भनिन्, 'मेरो घरको कलको पानी त गन्हाएर खान सकिँदैन । गाउँबाट ल्याएर खान्छु । फिल्टर किन्ने पैसा छैन । त्यसै खाँदा पानी गन्हाउँछ ।'

तुलसा बसेको गाउँ भौगोलिक हिसाबले सुगम हो । उनको गाउँ पूर्व-पश्चिम राजमार्गदेखि दुई किलोमिटर उत्तरमा पर्छ । तर, सुगम गाउँका नागरिक नै शुद्ध पानीको पहुँचबाट टाढै छन् । सात वर्षअघिबाट घरछेउमै चार धारा बनाइएको थियो । तर, ती धारा बनाइएको केही वर्षमै बिग्रिए । उनले भने, 'धारा बनाइदिएको भए पनि पानी आएन । त्यसैले ट्युबेलको पानी खान बाध्य छौं ।'

» पृष्ठ ७ मा क्रमशः

■ जामुनबारीका स्थानीय दूषित पानी पिउन बाध्य





ट्युबेलबाट पानी थाप्दै खानेपानी ट्यांकीको छेउमै घर रहेकी तुलसा राई (बायाँ) र ट्युबेलको पानी राख्दा दूषित पानीले राता भएका भाँडा

■ बाल र किशोरावस्थामा भएका कसुरको सजायमा सर्वोच्च उदार

तल्ला अदालतबाट भएका कडा सजाय घटाउँदै

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतको संयुक्त इजलासले कर्तव्य ज्यानको एक मुद्दामा उच्च अदालतले कायम गरेको सजाय घटाएर दुई वर्ष कायम गरिदिएको थियो । १७ वर्षमा २५ वर्षको युवकसँगको सम्बन्धबाट जन्मिएको बच्चालाई मारेर फालेको भन्दै मुद्दा चलेपछि ती किशोरीलाई जिल्ला अदालत पर्वतले सर्वस्वसहित जन्मकैद सुनायो भने उच्च अदालत बागलुङले त्यसलाई कम गर्दै सात वर्ष कैद हुने फैसला गरेको थियो ।

सर्वोच्चमा साधकको रोहमा यो मुद्दा आउँदा सर्वोच्चले किशोरीलाई जम्मा दुई वर्ष कैद भोगेमा सजायको मक्सद पूरा हुने फैसला गऱ्यो । २१ फागुन ०७९ मा भएको फैसलामा किशोरावस्थामा हुने गर्भाधारणलाई अवैधानिक वा अनैतिक नभनी असुरक्षित र असावधानीपूर्वक भएको मानिनुपर्ने उल्लेख छ । साथै, गर्भधारण गराई बच्चा जन्मिएपछि जिम्मेवारी नलिने पुरुषका समेत कारणले यस्तो अपराध हुने भएको ठहरसहित न्यायाधीशद्वय हरिप्रसाद फुँयाल र कुमार चुडालको इजलासले भनेको छ, 'निज प्रतिवादीको कसुर गर्दाको उमेर, कसुर गर्दाको परिस्थिति, सामाजिक-आर्थिक परिस्थिति र न्यायको रोहमा फौजदारी न्यायको मक्सद पूरा हुने ।'

जबर्जस्ती करणीको एक मुद्दामा जिल्ला अदालत भक्तपुरमा २२ असार ०७६ मा चाँगुनारायणका एक १५ वर्षीया किशोरीलाई बलात्कार प्रयास गरेको भन्दै तीनजनामाथि मुद्दा चलेको थियो । बालबिज्याइँकर्ता तीनैजना १८ वर्षमुनिकै थिए । जसमध्ये एकको उमेर १८ वर्ष पुग्न दुई महिना कम थियो । जिल्ला अदालतले उक्त कसुरमा ठहर गर्दै ती किशोरलाई आठ महिना कैद र ६ हजार ६ सय ६७ रुपैयाँ जरिवाना तोक्यो । साथै, ती किशोरलाई १२ चैत ०७६ मा थुनछेक आदेश गर्दै अदालतले खोजेको बखत उपलब्ध गराउने गरी आदेश भएको थियो । ६ महिना ६ दिनसम्मको समय उनी बाल सुधारगृहमा थिए भने त्यसबाहेकको समय उनलाई आमाको नियन्त्रणमा रहने गरी छाडिएको थियो ।

तर, आमाको जिम्मा लगाइएकोलाई कैद मान्न नमिल्ने गरी जिल्ला न्यायाधीश गोपालप्रसाद बास्तोलाको बाल इजलासले ती किशोरलाई तोकिएको कैद सजायको बाँकी एक महिना २४ दिनको कैद बाल सुधारगृहमा राखी असुल गर्न आदेश गऱ्यो । यसविरुद्ध सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट दायर भएकोमा ९ चैत ०७७ मा सर्वोच्चको संयुक्त इजलासले आमाको नियन्त्रणमा रहने गरी छाडिएको समयलाई पनि कैद भुक्तान गरेको अवधि गणना हुने भन्दै फैसला गरिदियो ।

न्यायाधीशद्वय प्रकाशमानसिंह राउत र प्रकाशकुमार ढुंगानाको इजलासले सुधारगृहमा राखी कैद असुल गर्नुपर्ने भन्ने फैसलाका आधारमा जारी कैदीपुर्जी उत्प्रेषणको आदेशबाट बदर गरिदिएको

» पृष्ठ ७ मा क्रमशः



बालबालिकाले गरेको कार्यलाई अपराध नभई कसुरजन्य कार्य भनिन्छ

- **पंकज कर्ण**, अधिवक्ता



बालबालिकाले गरेको कार्यलाई अपराध भनिँदैन, कसुरजन्य कार्य भनिन्छ । उनीहरूलाई अपराधी मानिँदैन, कानुनको विवादमा परेका बालबालिका भनिन्छ । नेपालमा पनि बालबालिकासम्बन्धी ऐन बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी तयार भएको छ । कानुन उदार भएकाले न्यायालय पनि उदार भएको हो । नेपालमा मात्र होइन, विश्वमै बालबालिकाले गर्ने क्रियाकलापलाई त्यसरी नै हेरिन्छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

महानगरले रोक लगाए पनि प्लास्टिकका माला छ्यापछ्याप्ती

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले प्लास्टिक तथा कागजका फूल बेच्न रोक लगाए पनि पसलहरूमा छ्यापछ्याप्ती बिक्री भइरहेको छ। निर्देशन दिएर अनुगमनमा कडाइ नगर्दा प्लास्टिकका माला र फूल बिक्री नरोकिएको हो।

विगतका वर्षहरूमा प्लास्टिकजन्य फूल भित्रिँदा किसानले उत्पादन गरेका फूलमालाले बजार नपाएको भन्दै महानगरपालिकाले यस वर्ष प्लास्टिकका फूल आयातमा कडाइ गर्ने जनाएको थियो। तर, अनुगमन फितलो हुँदा महानगरभित्र रहेका पसलहरूमा प्लास्टिकका फूल यत्रतत्र बिक्रीका लागि राखिएको छ। हाल काठमाडौंका मुख्य चोक, पसल र सपिङ मलहरूमा समेत प्लास्टिकजन्य फूल माला टागेर राखिएको छ। सोही कारण किसानले उत्पादन गरेको फूलमाला बिक्री हुन नसकेको कृषि व्यवसायी उद्धव अधिकारीले बताए। 'अझै पनि महानगरभित्रका धेरै पसलमा प्लास्टिकजन्य फूलमाला बिक्रीका लागि राखेको पाइएको छ, यसले गर्दा उपत्यकाआसपास उत्पादन भएका फूलले बजार पाउँदैनन्,' उनले भने, 'यसबारे महानगरले निगरानी बढाए सहज हुन्छ।'

तिहारमा काठमाडौं उपत्यकाकामा ठूलो मात्रामा फूल खपत हुन्छ। मखमली, सयपत्रीलगायतका करिब २० लाख माला खपत हुने तथ्यांक छ। तर, बर्सेनि भारतबाट फूलमाला तथा कृत्रिम माला ल्याउने गरिन्छ। यस वर्ष सरकारले भारतबाट फूल तथा माला आयात हुन नदिने जनाएको थियो। काठमाडौं महानगरपालिकाले पनि भारतबाट ल्याइएको फूलमाला महानगरभित्र प्रयोग तथा बिक्री नगर्न भनेको छ।

काठमाडौं महानगरपालिकाले नगरपालिकाभित्र तिहारलक्षित बजार र फूलको बिक्री सहज बनाउनेबारे शनिबार बिहान व्यवसायीहरूसँग छलफल गरेको छ। छलफलका क्रममा व्यवसायीहरूले कृत्रिम तथा आयातीत फूलमाला रोक्न सुझाव दिएका छन्। सुझावपछि महानगरका नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले प्लास्टिकजन्य माला नबेच्न अनुरोध गरे। 'प्लास्टिकजन्य माला हामीले बेच्न दिँदैनौं, अब बजार अनुगमनलाई कडाइ पार्छौं, त्यसरी बिक्री गरेको पाइएमा प्रहरीले उठाएर लैजान सक्छ,' उनले भने, 'उपत्यकाआसपासका किसानले दुःख गरेर फूल उत्पादन गर्नुभएको छ, यसबाहेक अन्य जिल्लाबाट पनि फूलहरू आउँछन्, स्वदेशी उत्पादनलाई प्रयोग गरौं, प्लास्टिकजन्य फूल प्रयोग नगरौं।'

उनले महानगरभित्रका बजार तथा पसलहरू प्लास्टिकजन्य फूलमाला बिक्री-वितरण रोक्न चार क्षेत्रबाट नगर प्रहरी परिचालन भएको बताए। त्यस्तै, महानगरले फुटपाथ अवरोध गरेर फूल तथा तिहारका सामग्री बिक्री नगर्न व्यवसायीलाई अनुरोध गरेको छ। हाल काठमाडौं उपत्यकाका काठ क्षेत्रमा व्यावसायिक पुष्पखेती भइरहेको छ भने आसपासका जिल्लाहरू धादिङ, नुवाकोट, मकवानपुर, चितवन, गोर्खा, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुली, रामेछाप, दोलखालगायत जिल्लाबाट पनि तिहारका लागि फूल ल्याउने गरिन्छ। यसमध्ये पनि सबैभन्दा बढी माला चितवनबाट आयात हुने फूलोरिकल्चर एसोसिएसन नेपालले जनाएको छ।

पुष्प व्यवसायी विश्वमणि पोखरेलले तिहारको वेला मखमली र सयपत्री फूल बढी खपत हुने जानकारी दिए। उनका अनुसार हाल देशका ६७ भन्दा बढी जिल्लामा सयपत्री र मखमली फूल उत्पादन हुने गरेको छ। 'विगतका वर्षहरूमा भन्दा यो वर्ष फूल उत्पादन बढेको छ, अब विदेशी उत्पादनलाई कम गरेर नेपालमै उत्पादन भएको फूलमाला प्रयोग गर्नुपर्छ,' उनले भने, 'प्लास्टिकजन्य मालालाई पूर्ण रूपमा निषेध गर्न जरुरी छ।'



असनमा बेच्न राखिएको प्लास्टिकको फूलको माला। **तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका**

■ ४० लाख माला खपत हुने अनुमान, पाँच लाख अपुग

फूलोरिकल्चर एसोसिएसन नेपालका अनुसार यो वर्ष ४० लाख माला खपत हुने अनुमान गरिएको छ। त्यसमध्ये ३५ लाख माला नेपालमै उत्पादन भएको र बाँकी पाँच लाख माला भारतबाट आयात गरिएको छ। गत वर्षभन्दा यो वर्ष पाँच लाख माला बढी खपत हुने एसोसिएसनको अनुमान छ।

■ कसरी छुट्याउने नेपाली र आयातीत माला ?

नेपाली माला ताजा हुन्छ। भारतबाट आयात गरिएको मालामा विभिन्न विषादीको प्रयोग गरिएको हुन्छ भने माला पनि चाउरिएको हुन्छ। नेपाली मालामा विषादी राखिँदैन भने कोल्डस्टोरमा धेरै समय होल्ड पनि गर्नुपर्दैन।

भारतबाट आउने र नेपालमै बनेका माला छुट्याउने अर्को तरिका हो, त्यसको बुनाइ। भारतबाट आउने माला सुतलीको धागोमा बुनिएको हुन्छ भने नेपाली माला सेतो तथा गर्लैंचा बुन्ने धागोमा बुनिएको हुन्छ।

■ फूलमाला बिक्री गर्न महानगरले तोक्यो चार स्थान

काठमाडौं महानगरपालिकाले तिहारको अवसरमा नेपाली फूलको प्रयोग र उत्पादनलाई प्रवर्द्धन गर्न चार स्थानमा बिक्रीका लागि सहजीकरण गर्ने भएको छ। दिपावलीमा घरघरमा नेपाली फूलको प्रयोग गरी स्वदेशी उत्पादनलाई प्रवर्द्धन र किसानलाई प्रोत्साहन गर्न महानगरपालिकाभित्रका चार स्थानमा बिक्री-वितरणको व्यवस्था मिलाइएको महानगर प्रहरी बलका प्रमुख राजुनाथ पाण्डेले जानकारी दिए। नेपाली फूल सयपत्री, मखमली र गोदावरीलाई सहज र सुलभ मूल्यमा उपभोक्तासमक्ष पुऱ्याउन भृकुटीमण्डप, तीनकुने, बालाजुस्थित भ्याली कोल्डस्टोर र हाँडीगाउँ



● **विश्वमणि पोखरेल**
पुष्प व्यवसायी
विगतका वर्षहरूमा भन्दा यस वर्ष फूल उत्पादन बढेको छ, अब विदेशी उत्पादनलाई कम गरेर नेपालमै उत्पादन भएको फूलमाला प्रयोग गर्नुपर्छ। प्लास्टिकजन्य मालालाई पूर्ण रूपमा निषेध गर्न जरुरी छ।



● **राजुनाथ पाण्डे**, प्रमुख, महानगर नगर प्रहरी
प्लास्टिकजन्य माला बेच्न दिँदैनौं, अब बजार अनुगमनलाई कडाइ पार्छौं, त्यसरी बिक्री गरेको पाइए उठाएर लैजान्छौं। उपत्यकाआसपासका किसानले दुःख गरेर फूल उत्पादन गर्नुभएको छ, यसबाहेक अन्य जिल्लाबाट पनि फूलहरू आउँछन्, स्वदेशी उत्पादनलाई प्रयोग गरौं, प्लास्टिकजन्य फूल प्रयोग नगरौं।

कृष्णमन्दिरनजिक बिक्रीस्थल तोकिएको हो। नेपाल फूलोरिकल्चर एसोसिएसनका अध्यक्ष मीनबहादुर तामाङले अघिल्ला वर्षको तुलनामा यस वर्ष करिब दुई सय बिघाभन्दा बढी जग्गामा फूलखेती वृद्धि भएकाले नेपाली बजारमा स्वदेशी उत्पादनले धान्ने बताए। विगतका वर्षमा प्रमुख चाडमा ९० प्रतिशत फूल भारतसँग निर्भर रहने गरेकामा केही वर्षयता नेपाली फूलले ८० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको सो अवसरमा जानकारी दिइयो।

Himalaya Urja Bikas Company Limited

Tinkune, Kathmandu Nepal, Phone: 01-4111853 / 673 / 674
Email: himalenergy@gmail.com, web: www.himalurja.com.np

UNAUDITED FINANCIAL RESULT

(For the Period of 1st Quarter as at Ashwin end 2080, Fiscal Year 2080/081)

Particulars	Current Quarter ending	Previous Quarter ending	Crroesponding Previous Year Quarter ending
ASSETS AND PROPERTIES			
Non-Current Assets			
Gross Property, Plant & Equipment	3,904,592,777.65	3,903,166,888.98	3,626,537,975.58
Less: Accumulated Depreciation	(212,241,425.23)	(176,490,037.64)	(73,581,440.44)
Net Property, Plant & Equipment	**3,692,351,352.42**	**3,726,676,851.34**	**3,552,956,535.14**
Project WIP	-	-	-
Total Non Current Assets	**3,692,351,352.42**	**3,726,676,851.34**	**3,552,956,535.14**
Investment	**98,000,000.00**	**98,000,000.00**	**98,000,000.00**
Current Assets			
Cash & Cash Equivalents	1,911,493.38	1,136,315.94	9,763,988.33
Trade & Other Advances	117,358,638.69	106,343,143.62	47,472,128.69
Margin and Deposit	223,038.25	223,038.25	3,041,143.50
Total Current Assets	**119,493,170.32**	**107,702,497.81**	**60,277,260.52**
Total Assets	**3,909,844,522.74**	**3,932,379,349.15**	**3,711,233,795.66**
EQUITY & LIABILITIES			
Equity			
Share Capital	990,000,000.00	990,000,000.00	990,000,000.00
Total Share Capital	990,000,000.00	990,000,000.00	990,000,000.00
Reserve & Surplus	(33,783,413.29)	(65,471,552.66)	(91,437,189.36)
Total Equity	**956,216,586.71**	**924,528,447.34**	**898,562,810.64**
Non-Current Liabilities			
Term Loan	2,943,084,040.32	2,968,567,770.18	2,686,089,296.87
Current Liabilities			
Current Liabilities & Payables	30,543,895.71	39,283,131.63	126,581,688.15
Total Current Liabilities	**30,543,895.71**	**39,283,131.63**	**126,581,688.15**
Total Equity & Liabilities	**3,929,844,522.74**	**3,932,379,349.15**	**3,711,233,795.66**

Profit & Loss Account

Particulars	Current Quarter ending	Previous Quarter ending	Crroesponding Previous Year Quarter ending
Income From Power Sales	131,280,334.50	267,877,031.10	45,484,160.00
Other Income	20,000,001.89	12,964,281.49	617,028.59
Total Income	**151,280,336.39**	**280,841,312.59**	**46,101,188.59**
Less:			
Royalty	1,330,430.15	7,257,540.62	2,809,683.20
Administrative Expenses	4,208,506.75	50,904,168.26	6,625,726.92
Operating Profit/(Loss)	**145,741,399.48**	**222,679,603.71**	**36,665,778.47**
Less:			
Financial Cost	78,301,872.52	134,615,549.04	68,156,720.31
Depreciation	35,751,387.59	137,667,686.57	32,777,635.26
Profit/(Loss) Before Tax	**31,688,139.37**	**(49,603,631.90)**	**(64,268,577.10)**
Current Tax	-	-	-
Deferred Tax	-	-	-
Net Profit/(Loss) Transferred to Reserve & Surplus	**31,688,139.37**	**(49,603,631.90)**	**(64,268,577.10)**

Note: The figures are regrouped and rearranged where necessary.
The Unaudited Financial figure are subject to change from external auditors and Regulatory Audhority.

धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३
अनुसूची-१४, (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)
आ.ब. २०८०-२०८१ को पहिलो त्रैमासिकको प्रतिवेदन

१. **वित्तीय विवरण:**
क. आ.व. २०८०/०८१ को यस त्रैमासिकको वासलात तथा नाफा नोक्सान हिसाब-किताब मिति २०८०/०७/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिनेछ।
ख. उक्त वासलातका आधारमा कम्पनीको प्रमुख वित्तीय अनुपात निम्नानुसार छ।

विवरण	यस त्रैमासिक	गत त्रैमासिक	गत वर्षको यस त्रैमासिक
प्रतिसेयर आम्दानी	३.२०१	(५.०१०)	(६.४९१८)
प्रतिसेयर नेटवर्थ	९६.५९	९३.३९	९०.७६
प्रतिसेयर कुल सम्पत्ति मूल्य	३९४.९३	३९७.२१	३७४.८७
मूल्य आम्दानी अनुपात	६७.५१	(५४.६९)	(३१.२७)
तरलता अनुपात	३.९१	२.७४	०.४८

२. **व्यवस्थापकीय विश्लेषण:**
कम्पनीले निर्माण गरेको अपर खिम्ती-II जलविद्युत् आयोजना ७ मे.वा. र उपल्लो खिम्ती जलविद्युत् आयोजना १२ मे.वा.को Contingency व्यवस्थाअन्तर्गत विद्युत् बिक्री भइरहेको छ। कम्पनीले हकप्रद सेयर निष्कासनका लागि धितोपत्र बोर्डमा निवेदन दिएकोमा हाल स्वीकृतको प्रक्रियामा रहेको छ। यस कम्पनीले नयाँ जलविद्युत् आयोजना निर्माण गर्ने पूर्वतयारी भइरहेको छ।

३. **कानुनी कारबाहीसम्बन्धी विवरण:**
यस त्रैमासिकमा संस्थाले कसै विरुद्ध तथा कसैले संस्थाविरुद्ध साथै संस्थापक र सञ्चालकविरुद्ध कुनै मुद्दा-मामिला परे-गरेको छैन।

४. **संस्थाको सेयर कारोबारसम्बन्धी विवरण:**
धितोपत्र बजारमा संस्थाको सेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाट नै भएको छ। यस त्रैमासिक अवधिमा संस्थाको सेयरको अधिकतम, न्यूनतम अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या स्टक एक्सचेन्ज लि. वेबसाइटअनुसार:

अधिकतम मूल्य रु.	२७४.००	अन्तिम मूल्य रु.	२१६.१०
न्यूनतम मूल्य रु.	२०६.६०	कारोबार दिन	६१
कारोवार संख्या	४,५९६	कारोबार सेयर कित्ता	१,०३९,८२२

५. **समस्या र चुनौती:**
संस्थाले सामना गर्नुपरेका समस्या तथा चुनौती बजारमा रहेका अन्य संस्थासरह नै छन्। आइपर्ने समस्या र चुनौतीको समस्याबारे सञ्चालक समितिले समय-समयमा समीक्षा गरी रणनीति बनाई सोको निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ।

६. **संस्थागत सुशासन:**
संस्थागत सुशासनका लागि संस्थाले कर्मचारी वृद्धि विकास, आवश्यक कार्यकक्ष र सामाग्रीको समुचित व्यवस्थापन गरी उचित वातावरण तयार गर्ने गरेको छ।

७. **सत्य तथ्यसम्बन्धी कार्यकारी प्रमुखको उद्घोषणः-**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोषण गर्दछु कि मैले जाने-बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरण सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचीत गर्ने निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारी लुकाएको छैन।

शान्तिवाटिकामा 'काग सम्मेलन'



काठमाडौं/ प्रत्येक वर्ष कात्तिक कृष्ण त्रयोदशीदेखि सुरु हुने यमपञ्चक अर्थात् तिहारको पहिलो दिन काग तिहारको अवसरमा काग सम्मेलन गरिएको छ। एक सय ७३ जीव-जनावर तथा चराचुरुंगीको आवाज निकाल्ने कलाकार रमेश दुलाल 'कागे'ले आज काठमाडौंको शान्तिवाटिकामा आयोजित पत्रकार सम्मेलनमा कागको आवाज निकालेर काग बोलाउँदै 'बीसौं काग सम्मेलन' सम्पन्न गरे।

कलाकार दुलालले १९ वर्षदेखि यसरी नै काग सम्मेलन गरिरहेको जानकारी दिए। उनले भने, 'विशेष गरी तिहारको परम्परालाई जोगाइराखौं र सकारात्मक सन्देश प्रवाह गरौं भन्ने उद्देश्यले हरेक वर्ष काग सम्मेलन गरिरहेको छु। यसलाई आउँदो वर्षमा पनि निरन्तरता दिनेछु।' बिहान गरिएको सम्मेलनमा करिब ४० मिनेटसम्म उनले बोलाएका काग एकै ठाउँमा झुम्मिएका थिए। यद्यपि, अघिल्ला वर्षहरूमा जस्तो कागको संख्या नरहेको कलाकार दुलालले बताए। उनले सम्मेलनको सुरुवात पश्चिम धनगढीबाट सुरु गरेको थियो। दाङ र इलाममा केही वर्ष काग सम्मेलन गरेपछि काठमाडौंमा गर्न थालिएको उनले जानकारी दिए। 'सपनामा काग कराएको देखेपछि मैले आवाज निकाल्न सुरु गरेको हुँ। त्यसपछि काग तिहारमा सम्मेलन गर्ने गरेको छु,' कलाकार दुलालले भने। पशुपक्षीको आवाज मात्र होइन, उनले वाद्यवादन यन्त्र मादल, सनई, सारङ्गी, पियानो, दमाहा, मुचुंगा, गितारको धुनसमेत निकाल्छन्।

गाई, भैंसी र अन्य चराचुरुंगीको आवाज दुरुस्तै निकाल्ने भए पनि कलाकार दुलाल 'काग'को आवाज निकाल्ने व्यक्तिका रूपमा परिचित छन्। राष्ट्रिय संगीतकर्मी संघको आयोजना र ह्याम्स हस्पिटल काठमाडौं र सन्दकपुर गाउँपालिका इलामको सहआयोजनामा सम्मेलन गरिएको थियो। - रासस

BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
BFC
प्रधान कार्यालय :
बेष्ट भवन, कमलादी, काठमाण्डो
फोन : ०१-४५४२४६१/६२/६३

निक्षेप तथा कर्जाको ब्याजदर

मंसिर १, २०८० देखि लागु हुने

निक्षेप			
१. मुद्दती निक्षेप	ब्याजदर (वार्षिक)		ब्याज भुक्तानी
	व्यक्तिगत	संस्थागत	
३ महिने	१०.२५%	–	मासिक/त्रैमासिक
३ महिना माथी ६ महिना सम्म	१०.४०%	८.४०% (६ महिने)	मासिक/त्रैमासिक
६ महिना माथी ९ महिना सम्म	१०.६०%	८.६०%	मासिक/त्रैमासिक
१२ महिना देखि २३ महिना सम्म	१०.७५%	८.७५%	मासिक/त्रैमासिक
२४ महिना देखि ३५ महिना सम्म	११.००%	९.००%	मासिक/त्रैमासिक
३६ महिना र सो भन्दा माथी	११.५०%	९.५०%	मासिक/त्रैमासिक
बेष्ट रेमिट मुद्दतीमा	माथि उल्लेखित दरमा थप २%	–	मासिक/त्रैमासिक
बेष्ट डबल मुद्दती योजना	६ वर्षमा दोब्बर		अन्तिम भुक्तानी अवधि पश्चात
बेष्ट ट्रिपल मुद्दती योजना	९ वर्ष ६ महिनामा तेब्बर		अन्तिम भुक्तानी अवधि पश्चात
२. **बचत निक्षेप**	**ब्याजदर (वार्षिक)**		**न्यूनतम मौज्दात (रु.)**
जनरल सेभिङ	७.५०%		१००
होम सेभिङ	७.४०%		-
गृहलक्ष्मी सेभिङ	७.५०%		१००
सिनियर सिटिजन सेभिङ	७.७५%		१००
शेयर होल्डर सेभिङ	७.४०%		१००
चिल्ड्रेन सेभिङ	७.४०%		१००
सुपर सेभिङ	७.५०%		१,०००
एन.आर.एन.सेभिङ	७.५०%		१००
बेष्ट सेभिङ	८.५०%		५,०००
स्टाफ सेभिङ/तलब बचत खाता	८.५०%		१००
बेष्ट रेमिट सेभिङ	११.२५%		५,०००
माथि उल्लेखित बाहेक न्यूनतम मौज्दात रु. १०० रहेका अन्य बचत खाताहरुको ब्याजदर ७.४०% हुनेछ।			
३. कल निक्षेप	अधिकतम ३.७०% सम्म		१,०००

कर्जा	
मुद्दती निक्षेप कर्जा	मुद्दती निक्षेपको ब्याजदरमा अधिकतम २ प्रतिशत वा आधार दर जुन बढि हुन्छ
सहवित्तीयकरण कर्जा	सहवित्तीयकरणको निर्णयको आधारमा
अन्य कर्जा	आधार दर + अधिकतम ५% प्रिमियम
मंसिर, २०८० को लागि लागु हुने आधार दर	१३.६९%

स्थिर ब्याजदर कर्जा (व्यक्तिगत)

कर्जा शिर्षक	अधिकतम ५ वर्ष (वार्षिक %)	अधिकतम १० वर्ष (वार्षिक %)	अधिकतम १५ वर्ष (वार्षिक %)
आवासीय कर्जा	१७.००%	१७.००%	१७.००%
हायर पर्चेज कर्जा	१७.००%	१७.००%	१७.००%
अन्य कर्जा	१७.००%	१७.००%	१७.००%

नोटः एउटै प्रकृतिका कर्जा तथा सापटको ब्याजदर अन्तर २ % बिन्दु भन्दा बढि हुने छैन।

नक्कली नोटसहित तीनजना पक्राउ

काठमाडौं/ नक्कलीजस्तो देखिने नोटसहित काठमाडौंबाट एक र पर्साबाट दुई गरी तीनजना शनिबार पक्राउ परेका छन्। उनीहरूमध्ये काठमाडौं महानगरपालिका-९, पिंगलास्थानबाट एक हजार दरका चार थान नक्कलीजस्तो देखिने नोटसहित काठमाडौं महानगरपालिका जडीबुटी बस्ने धनुषा घर भएका १८ वर्षीय किशोरलाई शनिबार साँझ प्रहरीले पक्राउ गरेको छ। ती किशोरले नक्कली नोट बोकी हिँडेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त गौशालाबाट खटिएको प्रहरीले उनलाई उक्त नोटसहित फेला पारी पक्राउ गरेको हो।

यसैगरी, पर्सा वीरगन्ज महानगरपालिका-८, घन्टाघरबाट एक हजार दरका ३८ थान नक्कलीजस्तो देखिने नोटसहित दुईजनालाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा बारा कलैया उपमहानगरपालिका-३ बस्ने २५ वर्षीय उमेशकुमार पटेल र वीरगन्ज महानगरपालिका-३१, कोनिया बस्ने २३ वर्षीय ऋषि पटेल रहेका छन्।

घन्टाघरस्थित सिटी मार्केटको कपडा पसलमा कपडा किन्दा उमेशले नक्कली रुपैयाँ दिएको भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोस्ट घन्टाघरबाट खटिएको प्रहरीले दुवैजनालाई पक्राउ गरेको हो। उनीहरूले प्रयोग गरेको प्र२-०३-००१प ८९० नम्बरको मोटरसाइकलसमेत प्रहरीले नियन्त्रणमा लिएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

हजका लागि आवेदन दिने म्याद १० मंसिरसम्म

काठमाडौं/ नेपाल हज समितिको सचिवालयले यसपालि सन् २०२४ (हज १४४५)को हजयात्राका लागि आवेदन दिने म्याद थप गरेको छ। हजयात्रामा जानका लागि इच्छुक नेपाली इस्लाम धर्मावलम्बीलाई आवेदन दिनका लागि यही कात्तिक २२ गतेसम्मको म्याद रहेकामा त्यसलाई थप गरेर मंसिर १० सम्म पुऱ्याइएको नेपाल हज समितिका कार्यवाहक अध्यक्ष मकबुल मियाँले जानकारी दिए। अध्यक्ष मियाँले आवेदन दिन छुट भएका नेपाली मुस्लिम समुदायबाट यस वर्ष विगतका वर्षभन्दा छिटो हजको आवेदन खुलेकाले आवेदनको समय थप गर्न माग भएको हुँदा नेपाल हज समितिको निर्णयानुसार आवेदन दिने अवधि थप गरेर मंसिर १० सम्म तोकिएको उनले जानकारी दिए। इच्छुक आवेदकले आवेदन फाराम नेपाल हज समितिको सचिवालयको वेबसाइटबाट पनि लिन सकिने र थप जानकारी चाहिएमा सिंहदरबारस्थित सचिवालयमा सम्पर्क गर्न सकिनेछ। यसपालि एक हजार दुई सय इस्लाम धर्मावलम्बीले हज गर्न सक्ने गरी साउदी अरब सरकारले नेपालीका लागि कोटा निर्धारण गरेको छ। हजका लागि गत साउनदेखि नै प्रक्रिया सुरु भएको थियो।

ठमेलमा सिसिक्यामरा जडान सुरु

काठमाडौं/ संघीय राजधानी काठमाडौंको प्रमुख पर्यटकीय गन्तव्य ठमेलमा सिसिक्यामरा जडान सुरु गरिएको छ। ठमेल पर्यटन विकास परिषद्को पहल तथा काठमाडौं महानगरपालिका र काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीको सहयोगमा सिसिक्यामरा जडान सुरु गरिएको हो। परिषद्का अध्यक्ष भवीश्वर शर्माले ठमेल क्षेत्रको शान्ति सुरक्षा बलियो बनाई यस क्षेत्रलाई सफा, सुन्दर, सुरक्षित र व्यवस्थित बनाउनका लागि सिसिक्यामरा जडान सुरु गरिएको बताए। उनका अनुसार ठमेलभित्रको लैनचौर मार्ग, क्षेत्रपाटी मार्ग, नर्सिङ चोक मार्ग, भगवतीबहाल मार्ग, चाक्सीबारी मार्ग, सातघुम्ती मार्ग, जेपी लाइन मार्ग र पर्यटन मार्गभित्र एक सय १२ वटा सिसिक्यामरा जडान हुनेछन्।

यसअघि काठमाडौं महानगर प्रहरी, काठमाडौं उपत्यका प्रहरी कार्यालय र ठमेल पर्यटन विकास परिषद्का प्रतिनिधिले ठमेल क्षेत्रभित्र आवश्यक पर्ने सिसिक्यामराको अध्ययन गरेको थियो। ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष सहदेव (विमल) धमलाले ठमेल क्षेत्रमा हुने आपराधिक क्रियाकलापलाई नियन्त्रणका लागि परिषद्को अगुवाइमा सिसिक्यामरा जडानलाई अगाडि बढाइएको बताए। ०४७ मा ठमेल क्षेत्रको विकासका लागि स्थापना भएको परिषद्मा ठमेलभित्रका दुई हजारभन्दा बढी घरधनी तथा व्यवसायी आबद्ध छन्। उक्त परिषद्ले ठमेल क्षेत्रको विकासका क्षेत्रमा काम गर्दै आइरहेको छ।

समुदायबाट सञ्चालित वागीश्वरीले बनायो नयाँ भवन

काठमाडौं/ भक्तपुरको वागीश्वरी कलेजले नयाँ भवन निर्माण गरेको छ। सो भवन पाँच करोड १४ लाख ९७ हजार पाँच सय ३५ रुपैयाँमा निर्माण सम्पन्न भएको हो। भवनको निर्माण ०७६ देखि सुरु भएको थियो। यसका लागि आन्तरिक कोषबाट दुई करोड ३६ लाख १० हजार चार सय ५५, बागमती प्रदेशबाट एक करोड ६० लाख ३९ हजार दुई सय ४२, भक्तपुर नगरपालिकाबाट २५ लाख र विश्वविद्यालय अनुदान आयोगबाट ९३ लाख ४७ हजार सात सय ५६ रुपैयाँ खर्च भएको छ। शुक्रबार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे, सांसद सुरेन्द्रराज गोसाईं, भक्तपुर नगरपालिकाका मेयर सुनील प्रजापतिलगायत कलेज तथा विद्यालयका प्रधानाध्यापक, कक्षा ११ र १२ का इन्चार्ज, कलेजका प्राचार्यलगायतले संयुक्त रूपमा नवनिर्मित भवनको उद्घाटन गरे। बिजुक्छेले नयाँ पुस्तालाई विदेश जानबाट रोक्ने र देशभक्ति जागृत गराउने किसिमको शिक्षा आवश्यक रहेको बताए। सांसद सुरेन्द्रराज गोसाईंले सामुदायिक क्याम्पस र विद्यालयलाई सुधार गरी व्यवस्थित गर्नुपर्ने उल्लेख गर्दै वागीश्वरीको नयाँ भवनले शैक्षिक गतिविधिमा थप सहज हुने बताए।

भवन निर्माणका लागि बागमती प्रदेशअन्तर्गतको बजेटमध्ये ४९-४९ लाख दुई चरणको बजेट विनियोजन भएको थियो। कलेजको नयाँ भवनमा बिए, बिबिएस, एमए र एमबिबिएस तहका कक्षा सञ्चालन गरिनेछ।



शुभ दीपावली
तथा छठ पर्व २०८० को
शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना

नयाँ पत्रिका
4012666
nayapatrikadaily.com

LIC
4012613
liccorporate@licnepal.com.np

CareEdge RATINGS NEPAL
4012628
careratingsnepal.com

NEXUS WORLD EDUCATION

नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED
4012585
nepalbank.com.np

Coco Cafe
9803252600

STARTUP EDUCATION

KINGS
4012589
kings.edu.np

OLI & ASSOCIATES
4012500/4012555
oli.com.au

DATA CARE CENTER
KATHMANDU, NEPAL

ITALIAN ESPRESSO ACADEMY NEPAL
4012636
italianean@gmail.com

THE RISING TRADERS
9851027048
risingnep.com

PRESIDENT Educational Consultancy

Elmira Int'l Education
4012606/07
elmiranepal.com

GOLDEN BRIDGE
4012581
goldenbridgeconsultancy.com.np

GENNEXT CONSULTING GROUP

COCOON EDUCATION & MIGRATION
4012559

PK
9841386508

4 NATIONS INTERNATIONAL
Pioneer in Education & Visa Services
4012548
4nations.com.au

CARE DENTAL & SKIN CARE CENTER PRIVATE LIMITED
9840270801

TRICKY & TIPSY
9851312262
tricky.tipsy333@gmail.com

3BEES GROUP
EDUCATION & MIGRATION
4012800
3beesgroup.com.au

DINESH SITAULA FILMS PVT.LTD.
9851071521

Ramailo .com
9849631886

ISAN EDUCATION

Global CHOICE EDUCATION
for global certification
4012545
globalchoice.edu.np

INGRAM International
4012554

Nepa INTERNATIONAL PVT. LTD.
4012675
nepatrade.com.np

ROBAM Enjoy Cooking
01-4417201
np.robamworld.com

KAMALA KARKI

Himalayan Business Group
Education & Migration Services
01-4012631

XCEL International Education
4012727
xcelinternationaleducation.com

Krish Salon Hair & Beauty

AISA
International Nepal Pvt. Ltd.
4012808/809

IMI
Int'l Management Institute of Nepal

GlobalJob
COMPLETE HR SOLUTION

Dynamic Holdings
4012549

Awarded
International Education Pvt. Ltd.
4516908

Trishakti Security P. Ltd.

ZENITH
MIGRATION | EDUCATION
4012690/91
zenithmigration.com.au

STUDENT WORLD

The Plan Education Pvt. Ltd.
One Team, One Dream
9851079464

INSTA
Insta Education and Visa Services

STAR MALL
aspire for better
Putalisadak, Kathmandu
9851198344, 01-4012506
starmallktm@gmail.com

आर्थिक समस्या समाधान गर्न तिहारलगत्तै बृहत् भेला : प्रधानमन्त्री



नयाँ पत्रिका

प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आर्थिक समस्या समाधानका निम्ति लगातार प्रयत्न गरिरहेको बताएका छन् । जनतासँग माओवादी विशेष रूपान्तरण अभियानअन्तर्गत कीर्तिपुरमा शनिबार आयोजित कार्यक्रममा प्रचण्डले आर्थिक समस्या समाधानका निम्ति तिहारलगत्तै बृहत् भेलाको आयोजना गर्ने त्यहाँबाट निष्कर्ष निकालेर अर्थतन्त्रमा गुणात्मक फड्को मार्ने गरी काम गर्ने बताए ।

'मौद्रिक नीति र वित्तीय नीतिको अन्तर्विरोध समाधान गर्न, बैंकको ब्याजदर घटाउनका निम्ति, जग्गाको कित्ताकाट खुलाउनका निम्ति, अर्थतन्त्रलाई चलायमान बनाउनका निम्ति धेरै मिहिनेत गरियो । भनेजस्तो परिणाम आएन, अझै पनि आएको छैन । केही सुधार पक्कै पनि भएको छ,' प्रचण्डले भने, 'श्रीलंका नै हुन्छ भन्ने आतंक अब छैन । अहिले राजस्व पनि वृद्धि हुन थालेको छ । इतिहासमै सबैभन्दा बढी पर्यटक भित्रिएका छन् । रेमिट्यान्स पनि बढेको छ । विदेशी मुद्राको सञ्चिति पनि उत्साहप्रद छ । आर्थिक समस्या समाधानका निम्ति तिहारलगत्तै बृहत् भेलाको आयोजना पनि गर्दै छु । त्यसबाट निष्कर्ष निकालेर अर्थतन्त्रमा एउटा गुणात्मक फड्को मार्ने काम हुन्छ ।'

सुशासन, सामाजिक न्याय र समृद्धिको पक्षमा सरकारले काम गरिरहेको उनले बताए । राम्रो कामबारे जनतालाई बुझाउन सकियो भने जनतामा लहर पैदा हुने र प्रतिक्रान्तिकारी तथा प्रतिक्रियावादीका षड्यन्त्रलाई परास्त गर्न सकिने उनले बताए । 'अब सरकारबाट काम गरिएन भने संविधान, लोकतन्त्र, गणतन्त्र र राष्ट्र नै धरापमा पार्ने अवस्था आइलागेको छ । सजिलो त छैन । हामी ०६४ को जस्तो शक्तिका साथ सरकारमा त छैनौं । आवश्यकता र बाध्यता जे भने पनि म नेतृत्वमा फेरि तेस्रोपटक आएँ । सरकारबाट कामको थालनी गर्नुपर्छ । सामाजिक न्याय, सुशासन र समृद्धिको नारा दिएर सरकार अगाडि बढिराखेको छ,' उनले भने ।

आँट गरेर सरकारले जनताको पक्षमा काम गरिरहेको प्रचण्डको दाबी छ । सरकारको कामबाट आमजनतामा आशाको रक्तसञ्चार भएको, यद्यपि प्रतिक्रान्तिकारीहरूले अनेक अफवाह फैलाउने गरेको उनको भनाइ छ । '०६४ एउटा स्थिति थियो । हामी ०६४ मै त फर्किन सक्दैनौं । अब आउने भनेको ०८४ हो । ०८४ मा ०६४ कै जस्तो हामी जनताको पक्षमा, जनताको भरोसा र विश्वास जित्न सक्छौं कि सक्दैनौं ? हामीले सरकारबाट पनि एउटा नयाँ आन्दोलनको सुरुवात गरेकै छौं, अझै गर्छौं,' प्रचण्डले भने, 'कति दिन सरकार रहन्छ, मुख्य कुरा होइन । मुख्य कुरा जनताको पक्षमा सुशासन, सामाजिक न्याय र समृद्धिको पक्षमा हामी कति राम्रा काम गर्छौं, त्यो मुख्य कुरा हो । राम्रो कामबारे जनतालाई बुझाउन सकियो भने एउटा लहर जनतामा पैदा हुन्छ र प्रतिक्रान्तिकारी र प्रतिक्रियावादीका षड्यन्त्र परास्त गर्न सकिन्छ भन्ने विश्वासका साथ हामी अगाडि बढेका छौं ।'

माओवादीको रूपान्तरण अभियान पार्टीका लागि मात्रै नभएर राष्ट्र बचाउने अभियान भएको प्रचण्डले दाबी गरे । परिवर्तनको रक्षा र उपलब्धिको संस्मरण गर्दै समाजवादको यात्रामा जाने उनले बताए । समाजवादको आधार तयार पार्ने जिम्मेवारी पनि माओवादीको भएको भन्दै उनले विचार, आचरण, शैली र काम गर्ने तरिकामा परिवर्तन गरेर अगाडि बढेको बताए । 'परिवर्तनको नेतृत्व गर्ने पार्टी कमजोर भएपछि त्यसको मूल्य हामीले चुकाउनुपर्थ्यो । चुकायौं पनि । तर, स्थिति के देखापऱ्यो भने, सिंगो राष्ट्रले चुकाउनुपर्ने स्थिति आइलाग्यो,' उनले भने, 'अब फेरि प्रतिक्रान्तिकारीहरू, सामन्ती निरंकुशतावादी, विदेशी प्रभुत्ववादी कुनै न कुनै रूपमा नेपाललाई कमजोर पार्ने र यो परिवर्तन उल्ट्याउने सपना देख्न थाले । ती दुस्साहस देखिन थाले । यी सबै परिस्थितिको जिम्मा कसले लिने ? कसले नेतृत्व गर्ने हो त ? सबैभन्दा बढी दायित्व कसको हो भन्नेबारेमा धेरै गम्भीरतापूर्वक छलफल गरेर रूपान्तरण अभियान सञ्चालन गरेका हौं । नेपाल राष्ट्रको स्वाधीनता, राष्ट्रिय एकता, सामाजिक सद्भावको रक्षा गर्ने जिम्मेवारी पनि हाम्रो पार्टीमा छ ।'

■ दार्चुलामा लागुऔषध समस्या विकराल

विद्यालय उमेरका बालबालिका नै लागुऔषधको कुलतमा

बालबालिकाको भविष्य संकटमा छ

● डिएसपी शिवबहादुर सिंह
जिल्ला प्रहरी कार्यालय, दार्चुला



दुई महिना चलेको अभियानका क्रममा ३४१ विद्यार्थी कुनै न कुनै रूपमा लागुऔषध सेवन गर्ने गरेको पाइएको छ । अधिकांश बालबालिका सानो मात्रामा चरेस सेवन गर्ने गरेको भेटिएका छन् । शंकास्पद बालबालिकाको पकेट चेकजाँच गर्दा उनीहरूको साथबाटै चरेस, चुरोटजस्ता लागुऔषध भेटिएका छन् ।

दार्चुलामा **नरेन्द्रसिंह कार्की**

दार्चुलामा विद्यालय पढ्ने उमेरका अधिकांश बालबालिका लागुऔषध सेवन गर्ने गरेको खुलेको छ । जिल्ला प्रहरी कार्यालय दार्चुलाले सुरु गरेको लागुऔषधविरुद्धको महाअभियानका क्रममा कक्षा ८ देखि कक्षा १२ सम्म अध्ययन गर्ने अधिकांश बालबालिकाले कुलतमा परी लागुऔषध सेवन गर्ने गरेको भेटिएको हो ।

जिल्ला प्रहरी कार्यालय दार्चुलाका कार्यालय प्रमुख डिएसपी शिवबहादुर सिंहका अनुसार दुई महिनाको अवधिमा तीन सय ४१ जना विद्यार्थी कुनै न कुनै रूपमा लागुऔषध सेवन गर्ने गरेको पाइएको छ । अधिकांश बालबालिका सानो मात्रामा चरेस सेवन गर्ने गरेको भेटिएका छन् । शंकास्पद बालबालिकाको पकेट चेकजाँच गर्दा उनीहरूको साथबाटै चरेस, चुरोटजस्ता लागुऔषध भेटिएको डिएसपी सिंहले जानकारी दिए । क्रममा प्रहरीले उनीहरूलाई पहिलो चरणमा सम्झाइबुझाइ छोडिदिएको छ । केहीले भारतीय बजार धार्चुलाबाट लागुऔषध ल्याएरसमेत सेवन गर्ने गरेको भेटिएको डिएसपी सिंहले बताए । अधिकांश बालिकासमेत लागुऔषध सेवन गर्ने, मदिरा, बियरजस्ता पेयपदार्थ सेवन गर्ने गरेको महाअभियानका क्रममा भेटिएको उनले बताए । 'हाम्रा छोराछोरी लागुऔषधको कुलतमा फसिसकेका पाइएको छ,' उनले भने, 'सबैले साथ दिए लागुऔषध सेवनमा फसेका बालबालिका सुधार गर्न सकिन्छ ।'

सदरमुकाम खलंगाआसपासका क्षेत्रको मात्रै दुई महिनाको तथ्यांकले बालबालिका कुनै न कुनै रूपमा लागुऔषध सेवनमा फसिसकेका छन् । यस्तै, दुई सय ४७ जना युवा लागुऔषध सेवनकर्ताका रूपमा भेटिएका छन् । महाअभियान चलेपछि लागुऔषध सेवनकर्ता खोजी गर्दै जाँदा ठूलो संख्यामा युवाहरू लागुऔषध सेवनकर्ताका रूपमा फसेको पाइएका हुन् । 'अहिले भारतबाट आउने लागुऔषध पूर्ण रूपमा बन्द गरिएको छ । बालबालिका, युवालाई वारपारमा विशेष निगरानी राखेका छौं,' डिएसपी सिंहले भने, 'केही लागुऔषध सेवनकर्ताले जिल्ला छोड्नुपरेको छ । उनले अब जिल्लाका नौवटै स्थानीय तहसम्म अभियान पुऱ्याउने बताए ।



लागुऔषधविरुद्धको महाअभियानका क्रममा खटिएको प्रहरी टोली ।

लागुऔषधको कुलतमा लागेका कारण थुप्रै विद्यार्थीले बीचमै पढाइ छाड्ने गरेको महेन्द्र नमुना मावि खलंगाका प्रधानाध्यापक रामदत्त जोशीले बताए । लागुऔषधका रूपमा गाँजा, अफिम, सुँघ्ने र उत्तेजना दिने पदार्थको प्रयोग हुने प्रहरीले जनाएको छ । सबैभन्दा बढी गाँजा र त्यसले बनेका लागुपदार्थको प्रयोग भइरहेको छ । साथीको दबाब, मनोरञ्जन, तनावजस्ता कारणले पनि लागुऔषध प्रयोगकर्ता बढेको डिएसपी सिंहले बताए । 'बालबालिका गलत संगतका कारण बढी कुलतमा फसेको देखिन्छ । बालबालिकालाई जोगाउने बढी दायित्व अभिभावककै हुन्छ । किशोरावस्थाका नानीबाबुको आनीबानीको निगरानी आवश्यक छ,' उनले भने ।

■ प्रहरीले माग्यो अभिभावकको साथ

प्रहरीले दुई महिनाको अवधिमा लागुऔषधलगायत १६ वटा विषयमा जिल्लाभरि पाँच सय ४३ वटा कार्यक्रम सम्पन्न गरेको छ । अझै यो अभियान सबै स्थानीय तहसम्म पुगेको छैन । लागुऔषध, बालविवाह, बहुविवाह, अपराधलगायत १६ विषयमा प्रहरीले निरन्तर अभियान सञ्चालन गर्ने डिएसपी सिंहको भनाइ छ । प्रहरीले सीमित स्रोत-साधनका बीच अब जिल्लामा 'एक दिन-एक टोल- घरदैलो कार्यक्रम' कार्यक्रम सञ्चालन गर्न लागेको उनले जानकारी दिए ।

बालबालिका तथा किशोरकिशोरीलाई कुलतबाट जोगाउन प्रहरीसँग अब सबैले साथ दिनुपर्ने बताउँछन् मार्मा गाउँपालिका अध्यक्ष जमनसिंह धामी । 'पहिलो चरणमा सुरक्षाकर्मी बोलाएर कार्यक्रमबारे जानकारी गराएका छौं, यो अभियान सबै गाउँबस्तीसम्म आवश्यक छ,' उनले भने ।

लेकम गाउँपालिका अध्यक्ष रामदत्त जोशीले स्थानीय तहले भौतिक विकासभन्दा पनि बालबालिकाको भविष्यको विकास गर्नतर्फ लगानी गर्नुपर्ने बताए । 'बालबालिका युवा नै कुलतमा लागेर नरहे हामीले गर्ने भौतिक विकासले कुनै अर्थ राख्दैन,' उनले भने, 'यसका लागि बालबालिका युवालाई कुलतबाट जोगाउन प्रहरीसँग हातेमालो गरौं ।'

व्याँस गाउँपालिका अध्यक्ष मंगलसिंह धामी अभिभावकले बालबालिकालाई समय दिन नपाउँदा बालबालिका कुलतमा फसेको बताए । 'अधिकांशले बालबालिकालाई राम्रो शिक्षा दिन भन्दै सदरमुकाम खलंगामा पढ्न पठाउँछन् । तर, बालबालिका विद्यालय जान्छन् कि जादैनन्, कस्तो संगत छ भने ख्याल नगर्दा अधिकांश सदरमुकाममै पढ्ने बालबालिका कुलत लागुऔषधमा फसेका छन्,' उनले भने । कुलत सेवनको असर समाजमा हुने आपराधिक गतिविधिसँग समेत जोडिने भएकाले यसलाई रोक्न जिम्मेवार भएर लाग्नुपर्ने प्रमुख जिल्ला अधिकारी किरण जोशीको भनाइ छ । विद्यार्थीलाई लागुऔषध सेवनबाट बचाउन अहिले प्रहरी प्रशासनले विद्यालयवरपर रहेका मदिरा तथा सुर्तीजन्य पसल बन्द गर्ने तथा विद्यार्थीले देख्ने गरी सजिसजावटमा रोक लगाएको छ ।

संक्षेप

दोलखाली पत्रकार समाजको अध्यक्षमा कार्की



काठमाडौं/ दोलखाली पत्रकार समाजको अध्यक्षमा नयाँ पत्रिकाकर्मी ज्ञानेन्द्र कार्की निर्वाचित भएका छन् । शुक्रबार काठमाडौंको बत्तीसपुतलीमा सम्पन्न समाजको विशेष साधारणसभाबाट कार्की अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित भएका हुन् । उपाध्यक्षमा राससमा कार्यरत मुना कार्की र सचिवमा नयाँ पत्रिकाकर्मी कृष्ण रिजाल निर्वाचित भएका छन् । कोषाध्यक्षमा रेडियो नेपालमा कार्यरत मनुका कुँवर तथा सदस्यहरूमा ज्योति जिसी, सन्तोष योञ्जन, युवराज बस्नेत, बालिका सिवाकोटी र कालिका सिवाकोटी निर्वाचित भएका छन् ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष तथा समाजका संस्थापक अध्यक्ष बालकृष्ण बस्नेतको प्रमुख आतिथ्यतामा सम्पन्न विशेष साधारणसभामा प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेत, वरिष्ठ पत्रकार चन्द्रशेखर अधिकारी, पूर्वपत्रकार हाल कांग्रेस केन्द्रीय सदस्य अजयबाबु सिवाकोटी तथा माओवादी केन्द्रीय सदस्य बलराम थापालगायतले शुभकामना दिएका थिए । विशेष साधारणसभामा प्रेस चौतारी नेपालका उपमहासचिव शुरोजंग पाण्डे, नेपाल पत्रकार महासंघका पूर्वकेन्द्रीय सदस्य टेकराज थामी, न्यायिक पत्रकार मञ्चकी अध्यक्ष कालिका खड्का, नेपाल आर्थिक पत्रकार समाजका अध्यक्ष सुजन ओली, संसदीय मामिला पत्रकार समाजका पूर्वअध्यक्ष नारायण काफ्लेलगायत उपस्थित थिए ।

एमालेको मध्यपहाडी संकल्प यात्रा झुलाघाटबाट सुरु हुने

बैतडी/ एमालेले बैतडीको झुलाघाटबाट मध्यपहाडी लोकमार्गमा संकल्प यात्रा गर्ने भएको छ । पार्टीका अध्यक्ष केपी ओलीले १४ मंसिरमा बैतडीको झुलाघाटबाट यात्राको सुरुवात गर्ने कार्यक्रम तय भएको छ ।

एक हजार सात सय ७९ किलोमिटर लामो मध्यपहाडी लोकमार्गमा १४ मंसिरबाट संकल्प यात्रा सुरु हुने एमाले पोलिटब्युरो सदस्य तथा सुदूरपश्चिमका निवर्तमान मुख्यमन्त्री राजेन्द्र रावलले बताए । 'सम्बन्ध स्थानीय, सन्देश राष्ट्रिय' भन्ने नाराका साथ उक्त यात्रा सुरु हुने उनको भनाइ छ । भारतीय सीमानाका तथा मध्यपहाडी लोकमार्गको पश्चिमी बिन्दु झुलाघाटबाट पाँचथरको चिवा भन्ज्याङसम्मको यात्राका लागि स्थानीयस्तरमा तयारी सुरु भएको छ । शुक्रबार बसेको जिल्ला कमिटी बैठकले विभिन्न १० वटा उपसमिति गठन गरेको छ । एमाले केन्द्रीय सदस्य तथा बैतडी इन्चार्ज निरु पालको संयोजकत्वमा आर्थिक व्यवस्थापन समिति, केन्द्रीय सदस्य लीलाधर भट्टको संयोजकत्वमा जनपरिचालन समिति, पार्टीका सुदूरपश्चिम कमिटीका निवर्तमान अध्यक्ष दामोदर भण्डारीको संयोजकत्वमा आवास समिति र पार्टी प्रवेश समिति गठन गरिएको छ ।

ठूलो परिमाणमा पटाका बरामद गरी नष्ट

कास्की/ प्रहरीले विभिन्न स्थानबाट ठूलो मात्रामा पटाका, आतसबाजी तथा लंगुरबुर्जा-खोरखोरेका सामग्री बरामद गरी नष्ट गरेको छ । विभिन्न स्थानबाट समाजमा आतंक मच्चाउने, ध्वनि प्रदूषण गर्ने खालका सामग्री नियन्त्रणमा लिएको कास्कीका प्रहरी प्रमुख मोहनकुमार थापाले जानकारी दिए । प्रहरीले पटाका, आतसबाजी प्याङगुइन कोब्रा खुर्सानी बम ७२ प्याकेट, रकेट बम २० प्याकेट, खुर्सानी बम ४७ प्याकेट, चकलेट बम २४ वटा, आलु बम २५ वटा, बुलेट बम पाँच प्याकेट, सोली बम पाँचवटा, रकेट बम चारवटा, झिरझिरे ८० प्याकेट, एटम बम ४१४ वटा, डबल बम १० वटा, गमला बम १७ वटा, २५ चक्र बम २५ वटा, खुर्सानी बम ९८ सेट (दुई हजार ७४४ पिस), सानो पटका ६ वटा, ठूलो पटाका १२ वटा, चक्री ५० वटा, अनार १० वटा, लसुन १५ वटा नियन्त्रणमा लिएको प्रमुख थापाले बताए ।

■ तिहारलाई पाला बनाउन चटारो



भक्तपुर दरबार क्षेत्रमा कुम्हः (कुमाले)लाई माटाका पाला, धुपौरो, घैंटोलगायतका सामान बनाउन भ्याइनभ्याइ छ । 'पोटरी स्क्वायर'को नामले समेत चिनिने यस क्षेत्रमा अघिपछि केही फुर्सदिला देखिने उनीहरू तिहारमा भने निकै व्यस्त हुन थालेका छन् । पछिल्लो समय पालाजस्तै बिजुलीबाट बल्ने सामान आउन थालेपछि पालाको व्यापार खस्कँदो छ ।

तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

भूकम्पबाट गर्भवती र सुत्केरी महिला प्रभावित

सुर्खेत/ जाजरकोट केन्द्रबिन्दु बनाएर गएको भूकम्पले गर्भवती तथा सुत्केरी महिला जोखिममा परेका छन् । भूकम्पले घर भत्काउँदा तथा अन्य कारणले गर्भवती तथा सुत्केरी महिला जोखिममा परेका हुन् । जाजरकोट र रुकुम पश्चिममा धेरैजसो गर्भवती तथा सुत्केरी महिला जोखिममा परेको उनीको सहजीकरणमा अहिले काम भइरहेको कर्णाली प्रदेश सामाजिक मन्त्रालयले जनाएको छ ।

जाजरकोटमा स्तनपान गराइरहेका आमाहरू ६२ र सुत्केरी आमा ५५, अपांगता भएका व्यक्तिहरू १९ र वयस्क २८ जना प्रभावित भएको कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयका सचिव डा. भोजराज शर्मा काफ्लेले जानकारी दिए । 'रुकुम पश्चिम जिल्लामा स्तनपान गराइरहेका आमाहरू २९० र गर्भवती १५१ जना प्रभावित भएका छन्,' उनले भने ।

दुवै अभिभावक गुमाएका बालबालिकाहरू जाजरकोटमा सातजना र आमा वा बाबुमध्ये एकजना गुमाएका रुकुम पश्चिमको आठबीसकोट नगरपालिकामा १७ जना रहेको सचिव काफ्लेले जानकारी दिए । 'बालबालिका, महिला, गर्भवती, सुत्केरी आमा, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरू थप जोखिममा रहेका छन्,' उनले भने, 'जोखिममा रहेका बालबालिका, महिला तथा सुत्केरीहरूलाई विशेष सेवा आवश्यक छ ।'

भूकम्पमा परेर ४६ बालक, ३७ बालिका, ४६ महिला र अपांगता भएका एकजनाको मृत्यु भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

चिसो बढ्दै गएका कारण निमोनिया, रुघाखोकीको प्रकोपको जोखिम रहेकाले न्यानो कपडा वितरण गर्नुपर्ने, यौन शोषण, दुर्व्यवहार तथा लान्छना, बालश्रम, मानव बेचबिखन तथा ओसारपसार, लैंगिक हिंसा, छुवाछुत तथा विभेद हुन सक्ने भएकाले अहिले ती क्षेत्रमा काम भइरहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

भूकम्पपछि विभिन्न प्रकारका मनोसामाजिक समस्या एक्लै बस्ने, टोलाउने, बर्बराउने, डराउने, मुर्छा पर्ने, अत्तालिनेजस्ता जोखिम देखिन थालेको र मनोसामाजिक परामर्श सेवा प्रवाहका लागि ती क्षेत्रमा मनोसामाजिक परामर्शकर्ता परिचालन गरिएको सचिव काफ्ले जानकारी दिए । जाजरकोटको बारेकोट गाउँपालिकामा दुई, कुशे गाउँपालिका दुई, भेरी नगरपालिकामा ६, नलगाड नगरपालिकामा नौ र थप दुई गरी २१ जना मनोविमर्शकर्ता खटिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

फूलमा आत्मनिर्भर बन्दै मकवानपुर

भारतीय फूल र प्लास्टिकका माला विस्थापित हुँदै, स्थानीय उत्पादन बजारभरि

मकवानपुरमा **पोष्टराज अधिकारी**

केही वर्षअघिसम्म भारतीय फूल र प्लास्टिकका फूलले ओगटेको मकवानपुरको बजार अहिले जिल्लामै उत्पादित सयपत्री फूलले लिन थालेको छ । स्थानीयस्तरमै व्यावसायिक रूपमा फूलखेती बढ्न थालेपछि मकवानपुरमा पनि फूलको आयात प्रतिस्थापन हुन थालेको फूल उत्पादक किसान र व्यवसायीको अनुभव छ ।

केही वर्षअघिसम्म घरआँगनको डिल र खेतबारीका आलीमा थोरै मात्रामा फूल्ने सयपत्री र भारतीय बजारबाट आयातीत फूलले धान्दै आएको मकवानपुरको बजार अहिले जिल्लाकै उत्पादनले धान्न थालेको हेटौंडा उपमहानगरपालिका- ६ चौघडाका किसान बालकृष्ण चौलागाईं बताउँछन् । 'मैले सात-आठ वर्षदेखि फूलखेती गर्दै आएको छु । सुरुसुरुमा फूलखेती पनि गर्ने पैसा हो र भन्ने सुनिन्थ्यो । हामी करेसाबारीमा फुलेको फूल र भारतीय बजारबाट ल्याइएको फूलमा निर्भर थियौं, तर अहिले परिस्थिति बदलिएको छ । यहाँ आवश्यक पर्ने फूल हामी आफैं पुऱ्याउन सक्ने भएका छौं,' उनले भने ।

फूलखेती सुरु गर्दा तिहारलक्षित खेती गरेको अनुभव सुनाउने चौलागाईं अहिले भने वर्षैभरि फूल उत्पादनसँग सम्बन्धित क्रियाकलापमा व्यस्त हुने गरेको बताउँछन् ।



नेपाल फूलमा आत्मनिर्भर हुने बाटोमा रहेको भन्दै उनले सयपत्री खेतीमा प्रेरित गरेर युवालाई बिदेसिनबाट रोक्न सकिने बताए । 'सुरुवातमा तिहारलक्षित खेती मात्रै गरेको अनुभव छ । तर, वर्षैभरि हुने विभिन्न कार्यक्रम र शुभकार्यमा फूल र फूलको मालाको माग बढेपछि अहिले ३६५ दिन नै फूलखेती र यससँग सम्बन्धित काममा व्यस्त छु,' चौलागाईंले भने, 'पैसा कमाउन विदेश नै जानुपर्छ भन्ने छैन ।'

सयपत्री फूल रोपेको ८० देखि ९० दिनमा बिक्रीका लागि बजारमा लानयोग्य हुन्छ । छोटो समयमा राम्रो आम्दानी गर्न सकिने भएकाले सयपत्री फूलखेतीतर्फ किसानको आकर्षण बढ्दो छ । चार वर्षदेखि सयपत्रीको व्यावसायिक खेती गर्दै आएकी हेटौंडा- १२ की सुमित्रा घलान अहिले सयपत्रीले राम्रो बजार पाइरहेको बताउँछिन् ।

जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्षसमेत रहेका ललित घलानले पनि फूलखेती थालेको सात-आठ वर्ष भयो । व्यावसायिक रूपमा उत्पादन गर्ने हो भने फूलखेतीबाट मनग्य आम्दानी लिन सक्ने उनको अनुभव छ । 'दसँ-तिहार र विभिन्न चाडपर्व मात्र होइन, गाउँघरमा समय समयमा हुने शुभकार्य, मेला-महोत्सव र विभिन्न संघसंस्थाका कार्यक्रममा फूलको माग हुन्छ । नियमित उत्पादन गर्ने हो भने कहिल्यै खाली बस्नुपर्दैन । सिजनमा खेती गर्नेले ५-६ लाख र बाह्रै महिना खेती गर्नेले १० देखि १५ लाख रुपैयाँसम्म आम्दानी गर्न सक्छन्,' घलानले भने ।

मकवानपुरमा मात्रै करिब २० देखि २५ बिघा क्षेत्रफलमा सयपत्री फूलको खेती हुने गरेको किसानहरू बताउँछन् । विशेषगरी मकवानपुरको उत्तरी क्षेत्र दामनपालुङ, भीमफेदी गाउँपालिकाको नामटार, भैंसे, इन्द्रसरोवर गाउँपालिकाको हुमानेभन्ज्याङ, मकवानपुरगढीको बुढीचौर, बकैयाको ठिंगन, हेटौंडाको वडा नम्बर ६, १२, १३, १४, १५, १६ लगायतका क्षेत्रमा व्यावसायिक रूपमा फूलखेती हुने गरेको छ ।

चाडपर्वमा अझै बढी खपत हुने सयपत्री फूल प्रवर्द्धनका लागि बागमती प्रदेश सरकारले यस वर्षदेखि सयपत्री फूल प्रवर्द्धन कार्यक्रम ल्याउन लागेको कृषि विकास निर्देशनालय हेटौंडाका निर्देशक तेजप्रसाद दवाडीले बताए । उनले जन्मदेखि मृत्युसम्मका विभिन्न कार्यमा प्रयोग हुने फूलखेतीमा आफैं निर्भर हुनसके बर्सेनि बिदेसिने करोडौं रुपैयाँ देशमै रोक्न सकिने भएकाले फूलखेतीमा लगानी गर्नर्ज प्रदेश सरकारले नीति नै बनाएर अगाडि बढ्न चाहेको जानकारी दिए ।

बाइडेन–सी शिखर वार्ता र चीन–अमेरिका सम्बन्ध

विश्वका दुई शक्तिशाली राष्ट्रले एक-अर्कासँग सञ्चार गर्नैपर्छ र दुई देशबीच टुटेको संवादका च्यानल पुनः स्थापना गर्नुपर्छ



● पामिर गौतम

अग्रलेख

चिनियाँ उपराष्ट्रपति हान झेङले सिंगापुरमा ब्लुमबर्ग न्यू इकोनोमी फोरममा बोल्दै चीन अमेरिकासँग सम्बन्ध सुधार गर्न तयार रहेको बताएका छन् । स्थिर र बलियो सम्बन्ध दुवै पक्षका जनताको साझा चाहना रहेकाले चीन अमेरिकासँग सबै तहमा सञ्चार र संवादलाई सुदृढ गर्न, पारस्परिक लाभकारी सहयोगलाई प्रवर्द्धन गर्न, भिन्नतालाई उचित रूपमा व्यवस्थापन गर्न र विश्वव्यापी चुनौतीलाई संयुक्त रूपमा सम्बोधन गर्न तयार रहेको झेङले बताएका छन् ।

चीन-अमेरिका सम्बन्ध वास्तवमा भयावह र तनावपूर्ण रहँदै आएको छ । अमेरिकाले संवेदनशील प्रविधि र रणनीतिक कच्चा पदार्थमा चीनको पहुँचलाई प्रतिबन्ध लगाउने नीतिलाई तीव्र र व्यापक रूपमा अघि सारेको छ । आर्थिक सुरक्षा सुनिश्चित गर्न अमेरिकी नीति निर्माताले अघि सारेको 'सानो यार्ड, उच्च बार' को रणनीतिलाई चीनले अमेरिकाको चीनको उदयलाई नियन्त्रण गर्ने र रोक्ने मनसायले उत्प्रेरित रहेको बताउँदै आएको छ । अर्कातर्फ, आगामी ०२४ को चुनावमा दोस्रो कार्यकालको खोजी गरिरहेको बाइडेन प्रशासन चीनसामु कुनै पनि कोणबाट कमजोर देखिन चाहँदैन । तर, दुवै देशका नेतृत्व चाहँदैनन् कि उनीहरूबीचको सम्बन्ध पूर्णतया युद्ध या शीतयुद्धको मार्गमा जाओस् । कुनै पनि प्रकारको युद्ध दुवै राष्ट्रको हितमा नहुने आमसहमतिका बाबजुद भूरणनीतिक, आर्थिक, औद्योगिक र सैन्य क्षमता निर्माणसहित धेरै क्षेत्रमा रणनीतिक प्रतिस्पर्धालाई लिएर दुवै देशमा एक-अर्कासँग मतभेद छ र आउने दिनमा यो मतभेद थप बढ्ने सम्भावना छ । तैपनि, सम्बन्धलाई 'ट्र्याक'भन्दा बाहिर जानबाट रोक्नुपर्छ भन्नेमा दुवैतर्फ एउटा स्पष्ट बुझाइ भने रहेको छ ।

राष्ट्रपति बाइडेनले ह्वाइट हाउसमा वाङ यीलाई भेट्दा अमेरिका र चीन दुवैले प्रतिस्पर्धालाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्न र विश्वव्यापी चुनौतीको सम्बोधन गर्न मिलेर काम गर्न अति आवश्यक रहेकाले दुई देशबीच सञ्चारका लाइनहरू कायम गर्न आवश्यक रहेको बताएका थिए । त्यस्तै चार्ल्स सुमरको नेतृत्वमा अमेरिकी सिनेटको प्रतिनिधिमण्डललाई स्वागत गर्दा राष्ट्रपति सी चिनफिङले चीन-अमेरिका सम्बन्ध संसारमा सबैभन्दा महत्त्वपूर्ण रहेको र यसले मानव जातिको भविष्य र भाग्य निर्धारण गर्ने बताएका थिए । चीन-अमेरिका सम्बन्धहरू वास्तवमै महत्त्वपूर्ण छन् र यी दुई राष्ट्रबीचको स्थिर सम्बन्धको अतुलनीय विश्वव्यापी महत्त्व छ भन्ने तर्कलाई सायद धेरै कमले खण्डन गर्छन् ।

यही सन्दर्भमा विश्वको नजर आगामी १४ देखि १७ नोभेम्बरसम्म अमेरिकाको सान फ्रान्सिस्कोमा हुने एसिया-प्यासिफिक इकोनोमिक कोअपरेसन (एपेक) को बैठकमा केन्द्रित हुनेछ, जहाँ अमेरिकी राष्ट्रपति जो बाइडेन र चिनियाँ राष्ट्रपति सी चिनफिंग ठीक एक वर्षपछि भेट्दै छन् । बाइडेन र सीले नोभेम्बर ०२२ को बाली जी-२० शिखर सम्मेलनको साइडलाइनमा तीन घण्टा वार्ता गरेका थिए ।

सो भेटमा बिर्ग्रिँदै गएको चीन-अमेरिकी सम्बन्ध सहज बनाउन वातावरण सिर्जना गर्ने सहमति भए पनि त्यसअनुरूप उपलब्धि हासिल हुन भने सकेको देखिएन ।

बाली शिखर सम्मेलनको केही समयमै अमेरिकी भूमिमा देखिएका चिनियाँ बेलुनलाई लिएर दुई देशबीचको कूटनीतिक सम्बन्ध जटिल बनेको थियो, जसलाई चिनियाँ टेक्नोलोजीमा अमेरिकाले लगाएको थप प्रतिबन्ध र ताइवानको मुद्दाले थप पेचिलो बनायो । हालैका महिनामा दुई देशबीच



> बाइडेन-सी सानफ्रान्सिस्को शिखर वार्ता दुवै नेताका लागि सम्बन्ध सुधार्न, वर्तमान तनावग्रस्त अन्तर्राष्ट्रिय वातावरणलाई गम्भीरतापूर्वक विश्लेषण गर्न र शान्ति स्थापनाको दिशामा आपसी कदम बढाउन अति आवश्यक दोस्रो मौका हुन सक्छ

उच्च स्तरको आदानप्रदानको लहरपछि सम्बन्ध केही न्यानो भएको छ । वासिंगटनले जुनदेखि बेइजिङमा चार क्याबिनेट अधिकारीहरू पठाएको छ, जसमा विदेशमन्त्री एन्टोनी ब्लिंकेन, ट्रेजरी सेक्रेटरी जेनेट येलेन, जलवायु दूत जोन केरी र वाणिज्य सचिव जिना रेमन्डो समावेश छन् । त्यस्तै, सिनेट नेता चार्ल्स सुमरको नेतृत्वमा गत महिना द्विदलीय सिनेटरीय प्रतिनिधिमण्डलले बेइजिङ भ्रमण गरेको थियो र क्यालिफोर्नियाका गभर्नर गेभिन न्युजम अक्टोबरको अन्त्यमा बेइजिङ पुगेका थिए । त्यस्तै, चिनियाँ वाणिज्यमन्त्री वाङ वेन्ताओले मे महिनामा अमेरिकाको भ्रमण गरेका थिए भने चिनियाँ विदेशमन्त्री वाङ यीले अक्टोबर २७ र २८ मा वासिंटनको औपचारिक भ्रमणका क्रममा अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभान, विदेशमन्त्री एन्टोनी ब्लिंकेन र राष्ट्रपति बाइडेनसँग भेट गरेका थिए । यी उच्च प्रोफाइल भ्रमणका क्रममा दुई देशले विभिन्न कार्य समूह स्थापना गरेका छन्, जसमा अमेरिकी ट्रेजरी र चिनियाँ अर्थ मन्त्रालयअन्तर्गत अर्थतन्त्रका विषय, युएस ट्रेजरी र पिपुल्स बैंक अफ चाइनाअन्तर्गत वित्त, अमेरिकी वाणिज्य विभाग र चिनियाँ वाणिज्य मन्त्रालयअन्तर्गत निर्यात नियन्त्रण र अमेरिकी राज्य विभाग र चिनियाँ विदेश मन्त्रालयअन्तर्गतका एसियाली मामिला रहेका छन् । विश्वका दुई शक्तिशाली राष्ट्रले एक-अर्कासँग सञ्चार गर्नैपर्छ भन्दै चीनका लागि अमेरिकी राजदूत निकोलस बर्न्सले दुई देशबीच टुटेको संवादका च्यानल पुनः स्थापना गर्न केही प्रगति भएको बताएका छन् ।

> बाइडेन र सीबीचको आगामी शिखर सम्मेलनले दुई देशबीच विद्यमान सबै समस्या समाधान नगरे पनि वर्तमान अशान्त अन्तर्राष्ट्रिय वातावरण र बढ्दो विश्वव्यापी विकास चुनौती न्यूनीकरणमा यो महत्त्वपूर्ण साबित हुन सक्छ

बाइडन र सीबीचको आगामी शिखर सम्मेलनले दुई देशबीच रहेका सबै समस्या समाधान गर्नेछ भन्ने होइन । तर, वर्तमान अशान्त अन्तर्राष्ट्रिय वातावरण र बढ्दो विश्वव्यापी विकास चुनौतीलाई ध्यानमा राख्दै चीन र अमेरिकाबीचको प्रभावकारी समन्वय र सहयोग इतिहासको कुनै पनि समयभन्दा अहिले बढी आवश्यक छ । कोभिड महामारीपछिको आर्थिक रिकभरी, जलवायु परिवर्तन र विभिन्न अन्तर्राष्ट्रिय र क्षेत्रीय द्वन्द्व र हटस्पटहरू सबैले विश्व शान्ति र सुरक्षामा चुनौती खडा गरेका छन् । यस्ता समस्यालाई दुई प्रमुख शक्तिका रूपमा चीन र अमेरिकाले जिम्मेवारीको भावनाका साथ मिलेर सम्बोधन गर्नैपर्छ । गम्भीर समस्यामा रहेको अमेरिका-चीन सम्बन्धका संकटलाई कम गर्ने र शान्ति स्थापना गर्न यी दुई राष्ट्रले संयन्त्र र व्यवस्थालाई संस्थागत गर्न हरसम्भव प्रयास गर्न जरुरी छ । अर्कातर्फ युद्धग्रस्त संसारलाई नेतृत्वको तत्काल आवश्यकता रहेका वेला यी दुई राष्ट्रले कुनै पनि अवसर बर्बाद गर्नु हुँदैन । यस अर्थमा बाली बैठकको विपरीत यही साता हुने बाइडेन-सी सान फ्रान्सिस्को शिखर वार्ता दुवै नेताका लागि सम्बन्ध सुधार्न र वर्तमान तनावग्रस्त अन्तर्राष्ट्रिय वतावरणलाई गम्भीरतापूर्वक विश्लेषण गर्न र कदम बढाउन अति आवश्यक दोस्रो मौका हुन सक्छ । निकट भविष्यमा यी दुई राष्ट्रले एक-अर्काको कदमलाई ध्यानपूर्वक हेर्ने कुरामा कुनै दुई मत छैन । तर, यी दुई देशले कसरी टकराव व्यवस्थापन गर्छन् र आपसमा रहेका गलत धारणा कम गर्छन् भन्ने नै बढ्दो महत्त्वपूर्ण छ । त्यसले मात्र विद्यमान मुद्दालाई नियन्त्रणबाहिर लैजान सक्छ । महान् शक्ति सम्बन्ध आपसी सहयोग, सम्मान र संवादमा आधारित रहन जरुरी छ । हेनरी किसिन्जरले ठीकै भनेका छन्- अमेरिका-चीन सम्बन्धमा द्वन्द्व एक विकल्प हो, आवश्यकता होइन ।

३ प्रश्न

त्रिभुवन विश्वविद्यालय, संस्कृति विभागका प्रमुख **प्राडा सोमप्रसाद खतिवडा**लाई



तिहारको धार्मिक महत्त्व के कस्तो रहेको छ ?

तिहार धार्मिकभन्दा पनि सामाजिक तथा सांस्कृतिक रूपमा महत्त्वपूर्ण पर्व हो । तर, धनधान्यकी देवी लक्ष्मीको पूजा अर्चना गरिने हुनाले यस पर्वको विशेष धार्मिक महत्त्व पनि छ । तिहारमा यमराजको सन्देशवाहकका रूपमा शुभ खबर पाइने विश्वासमा कागको पूजा गरिन्छ । घरको रक्षक तथा स्वामीभक्त इमानदार प्राणीका रूपमा कुकुरको पूजा गरिन्छ । लक्ष्मीको प्रतीकका रूपमा गाईको पूजा गरिन्छ भने खेतीपातीमा सघाउने प्राणीका रूपमा गोरुको पूजा गरिन्छ । नेवार समुदायमा आत्मशुद्धिका लागि आफ्नै शरीरको पूजा अर्थात् 'म्ह पूजा' गर्ने चलन छ । त्यसैले, तिहारको ठुलो धार्मिक महत्त्व छ ।

यस पर्वका सामाजिक तथा सांस्कृतिक महत्त्व के कस्ता छन् ?

दसैँमा टाढा पुगेका आफन्तहरू घर फर्किने र तिहार मनाएपछि काममा फर्किने चलन छ । दसैँमा आफूभन्दा ठुलाबडाकाहाँ पुगेर आशीर्वाद लिने गरिन्छ भने तिहारमा चाहिँ कार्यक्षेत्रमा फर्किन बिदाइ गर्दा दिदीबहिनीबाट सुस्वास्थ्य र दीर्घायुको कामना गरिन्छ । साथै, तिहारमा दिदीबहिनीले प्रयोग गरिने सामग्री पनि लामो समयसम्म सुरक्षित रहने खालका हुन्छन् । साथीभाइ मिलेर देउसी, भैलो खेल्ने परम्पराले पनि यसको सामाजिक सांस्कृतिक महत्त्व उजागर गरेको छ ।

तिहारमा खेलिने जुवातास संस्कृति हो कि चाडका नाममा भित्रिएको विकृति ?

चाडपर्वमा मनोरञ्जनका लागि विभिन्न गतिविधि गरिन्छन् । तिहारमा पनि मनोरञ्जनका लागि देउसीभैलो खेल्ने चलन छ । पिङ खेलेर रमाउने चलन पनि छ । परिवारका सदस्य र साथीभाइहरू मिलेर ठुलो हारजित नहुनेगरी रमाइलोका लागि जुवातास खेल्ने पनि परम्परा छ । तर, अहिले चाडबाडका नाममा लाखौँको हारजित हुनेगरी खेलिने जुवातास चाहिँ विकृति हो ।

प्रेरक प्रसंग

सपनाको पूर्णता

एक बालक स्कुलबाट फर्किएपछि हरेक दिन आफ्ना पिताले काम गर्ने स्थानमा जाने गर्थे । उनका पिता एक धनाढ्यको तबेलामा काम गर्थे । उनी निकै इमानदार र परिश्रमी थिए । बालकलाई लाग्ने गर्थ्यो- बाबाले यति धेरै परिश्रम गरे पनि उहाँले कहिल्यै सम्मान पाउनुहुन्न । तर, यस तबेलाका मालिक दिनभरि केही काम गर्दैनन्, तैपनि उनको कति ठूलो सम्मान छ समाजमा !

एक दिन बालकका शिक्षकले कक्षाका सबै छात्रछात्रालाई 'मेरो सपना' शीर्षकमा एउटा निबन्ध लेखेर ल्याउन गृहकार्य दिए । ती बालकले पनि रातभरि खुब मिहिनेत गरेर सोचविचार गरी, एउटा निबन्ध तयार गरे । त्यसमा उनले आफू ठूलो भएपछि निकै ठूलो तबेलाको मालिक बन्ने, त्यहाँ धेरै घोडा पालिने र तालिम दिइने उल्लेख गरे । साथै, उनले दुई सय एकडमा फैलिएको आफ्नो तबेलाको चित्र पनि बनाए । अर्को दिन सबैले शिक्षकलाई आआफ्नो निबन्ध देखाए । शिक्षकले सबैको लेखाइ परीक्षण गरी अंक पनि दिए । तर, ती बालकको निबन्धमा भने कत्ति पनि अंक दिएनन् । बालकले शिक्षकसामु गएर सोधे- गुरु, मैले किन अंक पाइनँ ? के म त्यसको कारण थाहा पाउन सक्छु ? शिक्षकले भने- साथीहरूले जस्तै सामान्य खालको निबन्ध लेखेको भए म पत्याउँथेँ र अंक पनि दिने थिएँ । तर, तिमीले त पूरा हुनै नसक्ने सपना देखेका छौ । त्यसैले अर्को सामान्य पूरा हुने सपनाबारे लेखेर ल्याऊ । म तिमीलाई पनि अंक दिनेछु ।



घर फर्किएपछि बालकले धेरै सोचे, तर उनले अघिल्लो दिनको बाहेक अर्को सपना देखेनन् । भोलिपल्ट शिक्षककहाँ गएर उनले भने- ठिकै छ गुरु, मलाई अंक दिनुहुन्न भने नदिनुहोस् । तर, मलाई अरू केही बन्नु छैन । म मेरो सपना बदल्न सक्दिनँ ।

साँच्चै ती बालकले त्यसपछिका २० वर्षभित्रै आफ्नो सपनालाई पूर्णता दिए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

राहत वितरणमा अलमल किन ?

संसदीय समितिले स्थलगत निरीक्षणपछि जाजरकोट भूकम्पबाट प्रभावित भएका पीडितलाई राहत वितरण प्रभावकारी हुन नसकेको निष्कर्ष निकालेको रहेछ । आखिर दुई-चार जिल्ला प्रभावित हुँदा पनि यसरी राहत वितरणमा अलमल हुन्छ, पीडित राहतको आसमा आहत हुँदै बस्नुपर्छ भने यो देशमा तीन तहका सरकारले जनताले खाई-नखाई कर तिरेर किन पालिबस्ने ? नेताहरू हुल बाँधेर प्रभावित क्षेत्रको हवाई निरीक्षणमा निस्कन सरकारसित पैसा हुन्छ, साधन नि हुन्छ र जनशक्ति पनि हुन्छ । तर, पीडित जनतालाई राहत दिनचाहिँ ऊसित केही हुँदैन । यो सब के हो सरकार ? आखिर राहत वितरणमा किन अलमल भइरहेको छ ? सरकारले यसरी अलमल गर्दैगर्दा उता पीडितको अवस्था कस्तो भइरहेको होला भन्नेतर्फ पनि ध्यान दिनुपर्छ कि ?

● **सुमित्रा पुर्कोटी**, लगनखेल, काठमाडौं

स्वदेशी फूललाई प्रोत्साहन गरौं

'तिहारलाई सयपत्री' शीर्षकको तस्बिर र त्यसको क्याप्सन समाचार पढेपछि केही लेख्न मन लाग्यो । नेपालमा स्वदेशमै बसेर केही गरौं भन्ने उत्साह बोकेका युवा धेरै छन् । तिनै युवाले यहाँ पसिना बगाएर स्वदेशी बजारको माग धान्ने गरी अनेकथरी उत्पादन गरिरहेका छन् । अहिले तिहारलाई लक्षित गरी फूल खेती गर्ने युवाको पनि संख्या उत्तिकै छ । उनीहरूलाई प्रोत्साहित गर्न स्वदेशी फूलको प्रयोग गरौं । आयातित विदेशी कागज र प्लास्टिकका फूल प्रयोग नगरी स्वदेशी माटोको उत्पादन ताजा फूल प्रयोग गरौं र स्वदेशी उत्पादकलाई प्रोत्साहित गरौं ।

● **सन्तोष महर्जन**
कीर्तिपुर, काठमाडौं

तिहारमा सचेत बनौं

तिहार भन्नासाथ बत्तीको झिलिमिली सम्झिन्छ । तर, त्यही झिलिमिलीमा होस पुऱ्याउन सकिएन भने त्यसबाट निकै ठूलो क्षति हुने अवस्था पनि आउँछ । तिहारमा मैनबत्ती या माटाका पालामा बत्ती बाल्दा सचेत हुन सकिएन भने आगलागीको चपेटामा पर्नुपर्ने अवस्था पनि आउन सक्छ । यस्तो दुःखद दुर्घटनाका खबर हामीले प्रत्येक वर्षजसो पाउँदै आएका छौं । यसका साथै, हरेक वर्ष पटाका पड्काउँदा पनि विभिन्न खालका दुर्घटना हुँदै आएका छन् । चाडको समयमा खुसी हुन गरिने क्रियाकलापले आँसु नल्याओस् । त्यसैले, पटाका पड्काउँदा र बत्ती बाल्दा सचेत बनौं ।

● **गौरव तुलाचन**
सानोभ्याङ, काठमाडौं

चिनीको कालोबजारी रोक

तिहार र छठ पर्व नजिक आइरहेका छन् । व्यापारीले बजारमा चिनीको अभाव देखाएर कालो बजारी गरिरहेको छन् । यसप्रति सम्बन्धित निकायको ध्यान गएको देखिँदैन । कतिपय खुद्रा पसलमा चिनी नै पाइँदैन । साल्ट ट्रेडिङ लिमिटेड के गरेर बसेको छ, थाहा छैन । पर्याप्त मात्रामा चिनी आयात किन नगरिएको हो ? अहिले मात्र होइन, हरेक वर्ष चाडबाडमा चिनीको यस्तै अभाव हुने गरेको छ । चिनीको अभाव भएको यो पहिलो वर्ष होइन । यसप्रति सम्बन्धित निकायले ध्यान किन दिँदैन ? सरकारले खोलेको सहुलियत पसलमा दुई किलो चिनी लिन दिनभरि लाइन बस्नुपर्छ । काम गरेर बिहान-बेलुका छाक टार्नुपर्नेले चिनीको लाइन बस्ने कि काम गर्न जाने सरकार ? ठूला व्यापारीले चिनी लुकाएर अभाव देखाउने गरेका छन् । सरकारले भन्दै आएको छ- चिनी लुकाउने, बजारमा अभाव बनाउने व्यापारीलाई कारबाही गरिन्छ । सरकारले कारबाही गर्छु भने पनि आजसम्म कोही व्यापारी कारबाहीमा परेका छैनन् । भनेर मात्र हुँदैन सरकार, गरेर पनि देखाउनुपऱ्यो । जनताको दैनिकी कष्टकर बन्दै गएको छ । नेताहरू आआफ्ना तालमा बाँसुरी बजाउँदै कुदिरहेका छन्, मानौं उनीहरूलाई केही थाहै छैन । जनतासँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय सरकारले बजारभाउप्रति ख्याल राख्नुपर्थ्यो, त्यो पनि हुन सकेको छैन । जहाँ जसरी भए पनि गरिब नै लुटिएका छन् । एकातिर गरिब जनता व्यापारीबाट लुटिने र अर्कातिर सरकार रमिते भएर हेर्ने क्रम कहिलेसम्म चलिरहने हो, थाहा छैन ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

आणविक हतियार प्रणालीमा एआईको जोखिम

जब एआईलाई आणविक हतियारसँग जोडिन्छ यसले पहिल्यैदेखि अस्तित्वमा रहेको अस्वीकार्य स्तरको जोखिममा एक नयाँ पत्र थप्छ



देश / विदेश

● मेलिसा पार्क

आणविक हतियार प्रणालीमा कृत्रिम बौद्धिकता अर्थात आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोग गर्ने होडबाजी अब कुनै विज्ञान आख्यान अर्थात् साइन्स फिक्सन रहेन । यदि आणविक हतियार प्रणालीमा एआईको प्रयोग हुन्छ भने आणविक युद्धको सम्भावना पनि बढ्न सक्छ । यदि विश्व नेता आणविक हतियार प्रणालीमा एआईको प्रवेश रोक्न चाहन्छन् भने सबभन्दा पहिले एआईको प्रयोगको जोखिमको गाम्भीर्य बुझ्न आवश्यक छ ।

पछिल्ला केही सातामा जी- ७ राष्ट्र उन्नत एआई विकास गर्ने संस्थाका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय आचार संहिता हिरोसिमा सिस्टममा सहमत भएका छन् । 'विश्वभर सुरक्षित, निश्चिन्त र विश्वासिलो एआई'लाई प्रोत्साहन गर्न गरिएको सहमतिबीच अमेरिकी राष्ट्रपति जो बाइडेनले एआई 'निश्चिन्तता र सुरक्षा'का लागि नयाँ मानक स्थापना गर्ने उद्देश्यले कार्यकारी निर्देशन जारी गरेका छन् । बेलायतले पनि एआई प्रविधिलाई 'सुरक्षित एवं जिम्मेवार' ढंगले विकास गर्ने उद्देश्यसाथ पहिलोपटक वैश्विक एआई सुरक्षा सम्मेलन आयोजना गरेको छ । तर, उल्लिखित कुनै पनि पहलकदमीले आणविक हतियार प्रणालीमा एआईको प्रयोग हुँदा निम्तिने जोखिमलाई पर्याप्त ढंगले सम्बोधन गरेका छैनन् । मानवता एवं पृथ्वीलाई अभूतपूर्व विनाश गर्ने आणविक हतियारको प्रयोगले निम्त्याउने अस्तित्वको संकटबारे कसैको पनि सन्देह छैन । एक क्षेत्रीय आणविक युद्धले समेत प्रत्यक्ष रूपमा लाखौँ मानिसको ज्यान लिन सक्छ भने अप्रत्यक्ष रूपमा ठुलो संख्यामा पीडा र मृत्यु निम्त्याउन सक्छ । यस्ता युद्धबाट निम्तिने जलवायु परिवर्तनबाट विश्वका अर्बौं मानिस भोकमरीको गर्तमा जाकिन सक्छन् ।

इतिहासमा आणविक आक्रमण हुने आँटिका कयौँ घटना टरेका छन् । यी अधिकांश विनाशलाई रोक्न मानवले आफ्नो विवेक प्रयोग गरेका छन् न कि मेसिनको जानकारीमा अन्धाधुन्द भई भर परेका छन् । सन् १९८३ मा सोभियत संघका एक अधिकारी स्तानिस्लाभ पेत्रोभले अग्रिम-चेतावनी भू-उपग्रहबाट एक चेतावनी पाएका थिए । सो चेतावनीअनुसार अमेरिकी आणविक क्षेप्यास्त्र सोभियत संघतर्फ आइरहेको देखाइएको थियो । तर, उनले तुरुन्तै आफ्ना वरिष्ठ अधिकारीलाई आणविक 'प्रत्याक्रमण'का लागि जानकारी दिनुको साटो सो चेतावनी त्रुटिपूर्ण रहेको पत्ता लगाए । यदि यस मामिलामा एआईको प्रयोग भएको भए आफूसँग निर्णय क्षमता हुँदा पनि के पेत्रोभ आणविक प्रत्याक्रमणलाई रोक्न सक्थे ? वास्तवमा आणविक हतियारमा मेसिन लर्निङ (मेसिनले आफैँले सिकेर निर्णय गर्ने प्रक्रिया) लागु हुँदा आणविक हतियारको प्रयोगसँग सम्बन्धित मानवीय नियन्त्रणलाई घटाउँछ । निःसन्देह आणविक हतियारको आविष्कार भएयता निर्देशन, नियमन र सञ्चार प्रक्रिया स्वचालित बन्दै गएका छन् । तर, जब मेसिन लर्निङ उन्नत हुँदै जान्छ तब उन्नत मेसिनले गर्ने निर्णय थप अपारदर्शी हुन्छ । जसलाई एआईको 'ब्ल्याक बक्स प्रब्लम' भनिन्छ । यसले मानिसलाई मेसिनको कार्यप्रणालीको निरीक्षण गर्न पनि अप्ठ्यारो बनाइदिन्छ ।

अन्तिम प्रक्षेपणको अन्तिम निर्णय मानिसमा हुन्छ भन्ने प्रत्याभूति गर्दा पनि आणविक जोखिम कम हुँदैनन् । मनोवैज्ञानिक जोन हवलेले सन् २०१७ मा गरेको अध्ययनअनुसार 'मानिस पर्यवेक्षणीय नियमनको मागअनुसार निरीक्षण एवं हस्तक्षेपकारी भूमिका निर्वाह गर्ने मामिलामा निकै कमजोर छ' भन्ने देखाएको छ । यसबाहेक प्रिन्सटन विश्वविद्यालयको प्रोग्राम अन साइन्स एन्ड ग्लोबल सेक्युरिटीले सन् २०२० मा आणविक संकटका वेला नेतृत्वले निर्णय-प्रक्रिया अत्यधिक



तस्बिर : जी रोयल/गेटी इमेजेस

हतारोमा हुने गरेको देखाएको छ । यदि एआईलाई प्रक्षेपणको सट्टा सेन्सर र निशाना प्रयोजनका लागि मात्रै पनि प्रयोग गर्ने हो भने पनि आक्रमण गर्ने वा नगर्ने भन्ने समय अत्यधिक कम हुन जान्छ । नेतृत्वमा यो थपिएको तनावले त्रुटिपूर्ण निर्णय र गैर-तर्कसंगत विकल्प लागु गर्ने जोखिम बढाइदिन्छ ।

भू-उपग्रह र अन्य गुप्तचरी नियमन प्रणालीमा एआईको प्रयोगले थप जोखिम निम्त्याइदिन्छ अर्थात् यसले ऐतिहासिक रूपमा गोप्य राखिएका ब्यालिस्टिक मिसाइल सबम्यारिन्सजस्ता आणविक हतियार लुकाउन थप अप्ठ्यारो बनाइदिन्छ । यसले आणविक हतियारले सुसज्जित मुलुकलाई द्वन्द्वका क्रममा शत्रु पक्षले पहिले नै जानकारीमा रहेका हतियारलाई निष्क्रिय बनाउन सक्छ भनेर सबै आणविक हतियार प्रयोग गर्न प्रोत्साहन गर्नेछ । हालसम्म आणविक हतियारमा पूर्णतया मानव नियन्त्रण हुने कुनै पहलकदमी चालिएका छैनन् । बाइडेनको कार्यकारी निर्देशन वा जी- ७ को आचार संहिता केवल ऐच्छिक प्रतिबद्धतामा सीमित छ । यस सन्दर्भमा राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरसले भनेझैँ कानुनी रूपमा बाध्यकारी बनाउनेगरी 'घातक स्वचालित हतियार प्रणाली'मा प्रतिबन्ध लगाउने सम्झौता आवश्यक छ । र, सबै सरकारले आणविक हतियारलाई निन्दा गर्न, प्रतिबन्ध लगाउन र निमिट्यान्न पार्न राष्ट्र संघको परमाणु हतियारमा प्रतिबन्ध सन्धिमा जोडिनुपर्छ । यस सन्धिले आणविक हतियारबिनाको विश्वका लागि मार्गप्रशस्त गर्छ । त्यसैगरी, यस सन्धिमा जोडिनु भनेको आणविक हतियार भएका राज्यलाई आणविक हतियार प्रणालीलाई उन्नत र आधुनिक बनाउनमा तुरुन्तै रोक लगाउनु हो । यस सन्धिमा जोडिँदा साइबर आक्रमणबाट जोगाएर हतियार प्रणालीलाई 'सुरक्षित' बनाउने नाममा हुने लगानीलाई पनि रोक्छ । आणविक हतियार अस्तित्वमै हुनु भनेको अपार क्षतिको जोखिम बोक्नु हो त्यस अर्थमा सन्धिका पहल खासै ठुला पनि होइनन् ।

हामीलाई थाहा छ, स्वचालित प्रणालीले सशस्त्र द्वन्द्वको सम्भावनालाई कम गर्छ । तर, जब एआईलाई आणविक हतियारसँग जोडिन्छ यसले पहिल्यैदेखि अस्तित्वमा रहेको अस्वीकार्य स्तरको जोखिममा एक नयाँ पत्र थप्छ । नीतिनिर्माता र आमजनता दुवैले यो गम्भीर मुद्दालाई पूर्ण रूपमा स्वीकार गर्नु अत्यन्त आवश्यक छ । दुवैले आणविक हतियारमा एआईको प्रयोग रोक्न मात्र नभई यी हतियारलाई पूर्ण रूपमा उन्मूलन गर्ने दिशामा पनि सक्रिय रूपमा संलग्न हुनुपर्छ ।

(पार्क आणविक हतियार उन्मूलनका लागि अन्तर्राष्ट्रिय अभियानकी कार्यकारी निर्देशक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २६ कात्तिक ०८०

कतारबाट पनि युरोप तस्कर हुँदै नेपाली श्रमिक

दलालले दुबईबाट नेपाली युवालाई युरोप तस्कर गर्दै आएका छन्

मुना कुँवर/नयाँ पत्रिका

पछिल्लो समयमा कतारमा काम गर्ने नेपाली श्रमिकहरू पनि युरोपतर्फ तस्कर हुन थालेका छन् । कतारमा सञ्चालित कन्सल्टेन्सीहरूले सातदेखि १० लाख शुल्क असुल गरी नेपाली श्रमिकलाई युरोप तस्कर गर्न थालेका हुन् । युरोपमा स्थायी बसोवासको सुविधा पाउन सकिने भएपछि लामो समय कतारमा काम गरेका नेपाली श्रमिकहरू त्यता आकर्षित हुन थालेका हुन् ।

कतारमा आप्रवासीलाई स्थायी बसोवासको सुविधा दिएको छैन । त्यसैले कतारमा लामो समय काम गरेका नेपाली युवाहरू पनि स्वदेश फर्कनुभन्दा युरोपियन मुलुकतर्फ जान लालायित हुन थालेको गैरआवासीय नेपाली संघ कतारका अध्यक्ष रमेश भट्टले बताए । 'कतार छाडेर युरोप जान चाहने नेपाली श्रमिकको अहिले लर्को नै लागेको छ,' उनले भने । कतारमा करिब चार लाख संख्यामा नेपाली श्रमिक छन् । जसमध्ये करिब १५ हजार महिला श्रमिकको संख्या छ । अधिकांश नेपाली श्रमिक अदक्ष छन् ।

युरोपको सेवा-सुविधाबाट आकर्षित भएका नेपाली श्रमिकलाई कन्सल्टेसीहरूले विभिन्न प्रलोभन देखाउने गरेको संघका अध्यक्ष भट्टले बताए । यसअघि दलालहरूले दुबईलाई नेपाली युवा युरोप तस्कर गर्ने अड्डा बनाएका थिए । दुबईमा कार्यरत नेपाली श्रमिकलाई युरोप पठाउने तथा नेपालबाट दुबईलाई ट्रान्जिट बनाई युरोप तस्कर गर्ने ठूलै जमात छ । अहिले यो प्रवृत्ति कतारमा पनि फैलिएको उनले बताए ।

युरोप पठाउन कतारमा कन्सल्टेन्सी खुलेका छन् । कतार पुगेका नेपालीलगायत अन्य मुलुकका आप्रवासी व्यवसायीले नै यस्ता खालका कन्सल्टेन्सी सञ्चालन गरेका छन् । कन्सल्टेन्सीमार्फत जाने केही नेपाली श्रमिक युरोप पुग्न सफल भए पनि कतिपयले रकम खाएर भागेको समेत कतारमा कार्यरत युवाहरू बताउँछन् ।

अहिले नेपालबाट पनि युवाहरू युरोप जाने क्रम बढ्दो छ । तर, कतारबाट जाँदा थोरै रकम लाग्ने र प्रक्रिया सहज हुने हुँदा दलालहरू कतारमा नै सक्रिय भएका हुन् । कतारबाट करिब सातदेखि आठ लाख रुपैयाँसम्म खर्चेर दलालहरूले नेपाली युवालाई युरोपका विभिन्न मुलुकमा पठाउने गरेका छन् । विशेष गरी माल्टा, चेक रिपब्लिक, रोमानिया, क्रोएसिया, पोल्यान्ड, पोर्चुगललगायतका मुलुकमा नेपाली युवा तस्कर हुने गरेको पाइएको छ ।



■ नेपाल फर्कन चाहँदैनन् युवा

भोजपुरका सूर्य थापा (नाम परिवर्तन) वैदेशिक रोजगारीका लागि कतार आइपुगेको तीन वर्ष भयो । उनी एउटा कम्पनीमा मार्केटिङको काम गर्छन् । अहिले उनी पोर्चुगल जाने योजनामा छन् । कतारमा पारिश्रमिक राम्रै भए पनि युरोपमा पुग्न पाए परिवार पनि उतै सेटल गर्ने उनको योजना छ । 'कतारमा जति समय बसे पनि काम गर्ने अनि नेपाल फर्कने हो । परिवार ल्याउन पनि अलि कठिन छ । त्यसैले यहाँ समय बिताउनुभन्दा युरोप जान सके परिवार पनि सेटल हुने थियो,' उनले भने ।

थापा तत्काल नेपाल फर्कने पक्षमा भने छैनन् । मुलुकमा राजनीतिक वातावरणले काम गरिखान सक्ने अवस्था नभएको उनले गुनासो गरे । 'आफ्नो देशभन्दा बाहिर बस्ने रहर त कसको हुन्छ ? तर, बाँच्नु त पऱ्यो । छोराछोरीको भविष्य पनि हेर्नुपऱ्यो,' उनले भने ।

चितवनका गंगाराम पाण्डे (नाम परिवर्तन) वैदेशिक रोजगारीका लागि कतार आइपुगेको आठ वर्ष भयो । पाण्डेले ट्याक्सी चलाएर राम्रो आम्दानी गर्छन् । तर, यति नै दुःख युरोपमा गर्ने हो भने अझै बढी आम्दानी हुन सक्ने उनको अनुमान छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

पाण्डेले यसअघि नेपाल फर्केर व्यवसाय गर्ने प्रयास पनि गरे । नेपालमा पहुँच र पैसा नहुनेले सामान्य व्यवसाय गरेर खान नसक्ने उनको अनुभव छ । त्यसैले अब उनी युरोप जान चाहन्छन् । युरोप जान कन्सल्टेन्सीमार्फत प्रक्रिया अगाडि बढाएको उनले बताए । 'नेपालबाट भन्दा कतारबाट युरोप जान सजिलो छ । कन्सल्टेन्सीले सात लाख लाग्ने भनेको छ,' उनले भने । उनी पोर्चुगल जाने योजनामा छन् । पाण्डे र थापाजस्तै कतारबाट युरोप पलायन हुन चाहने नेपाली युवाको जमात थुप्रै छ । कतारमा राम्रो आम्दानी हुने नेपाली युवाले अमेरिका, बेलायत र युरोपको भिसा लिएर कतार नै फर्केर काम गर्ने गरेको संघका अध्यक्ष भट्टले बताए । 'परिवारसहित सेटल हुनका लागि मात्रै पनि नेपालीले युरोप अमेरिकाको भिसा लिएर बसेका छन्,' उनले भने ।

■ श्रम स्वीकृतिविना पठाउनेलाई सात वर्षसम्म जेल सजायको व्यवस्था

ऐनबमोजिम कतार पुगेका नेपाली श्रमिकले कतारका लागि मात्रै श्रम स्वीकृति लिएका हुन्छन् । युरोपियन मुलुकका लागि भने नेपाल सरकारबाट अनुमति लिएका हुँदैनन् । त्यस्तै, कतारमा सक्रिय व्यवसायी वा दलालले पनि सरकारबाट अनुमति पाएका हुँदैनन् । त्यसैले यसरी कतार, युएईबाट श्रमिकलाई युरोपियन मुलुकमा पठाउने कार्यलाई ऐनअनुसार ठगी मानिन्छ ।

विशेष गरी युएईको दुबई, आबुधाबी, सारजहाँपछि अहिले कतारको दोहामा यस्ता खालका गतिविधि हुने गरेका छन् । यी प्रदेशमा नेपाली युवाको संख्या धेरै भएकाले दलालहरूले यो क्षेत्रलाई अखडा बनाएका हुन् । यसरी करिब १० हजार युवा युएईबाट युरोपका विभिन्न मुलुकमा पुगेको अनुमानित आँकडा छ । कतारमा भने यो क्रम भर्खरै सुरु भएको छ ।

नेपाल सरकारको अनुमतिविना वैदेशिक रोजगारीमा पठाउने म्यानपावर व्यवसाय वा दलाललाई अधिकतम पाँच लाख जरिवाना र सात वर्षसम्मको जेल सजाय हुने अधिवक्ता सोम लुइँटेलले बताए । वैदेशिक रोजगार ऐन, २०६४ अनुसार नेपाल सरकारको अनुमति लिएका म्यानपावर व्यवसायीले मात्रै नेपाली श्रमिकलाई वैदेशिक रोजगारीमा पठाउन सक्नेछन् । त्यस्तै, वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति नलिईकन कुनै पनि मुलुकमा रोजगारीका लागि जान पाइनेछैन । यदि ऐनविपरीत काम गरेमा त्यसैलाई ठगी मानिने अधिवक्ता लुइँटेलले बताए ।

वैदेशिक रोजगार ऐन, २०६४ अनुसार दफा ४३ मा इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न नपाइने व्यवस्था छ । यदि कसैले वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुटो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाइदिने उद्देश्यले कुनै रकम लिएमा वा विदेश पठाएमा त्यसरी लिएको रकम र सोको ५० प्रतिशत हुने रकम हर्जानाबापत असुल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत भराइनेछ । साथै, पीडकलाई तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना र तीन वर्षदेखि सात वर्षसम्म कैद हुनेछ । विदेश पठाइनसकेको भए सो सजायको आधा सजाय हुनेछ ।

त्यस्तै, सोही ऐनको दफा ४४ अनुसार भने इजाजतपत्रवालाले स्वीकृति नलिई कामदार पठाएमा वा प्रलोभन देखाई रकम लिई विदेश नपठाएमा त्यसरी लिएको रकम र सोको ५० प्रतिशतले हुने रकम भराइनेछ । त्यस्तो इजाजतपत्रवालालाई तीन लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना र तीन वर्षदेख सात वर्षसम्म कैद हुनेछ । साथै, त्यस्तो इजाजतपत्रवालाको इजाजतपत्रसमेत रद्द हुनेछ ।

भ्युटावरको काम ९० प्रतिशत सकियो

भुक्तानी दिने पैसा नहुँदा काम सकिन केही महिना लाग्ने



झापाको दमक- ३ मा निर्माणाधीन भ्युटावर

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको दमक- ३ स्थित दापगाछीमा डेढ अर्बमाथि लगानीमा निर्माणाधीन भ्युटावरको काम ९० प्रतिशत सकिएको छ । भ्युटावर निर्माणको काम अन्तिम चरणमा पुगेको सघन सहरी तथा भवन निर्माण कार्यालय झापाले जनाएको छ । भ्युटावरको वित्तीय प्रगति पनि करिब ९० प्रतिशत नै भएको कार्यालयले जनाएको छ ।

भ्युटावर सम्पन गर्नका लागि मंसिर अन्तिमसम्म समय थपिएको छ । यद्यपि, उक्त समयमा काम नसकिने सघन सहरी तथा भवन निर्माण कार्यालय झापाका प्रमुख सुदीप पौडेलले जानकारी दिए । 'मंसिरसम्म सक्ने गरी म्याद थपिएको थियो । तर, सरकारले कामको भुक्तानी गर्न सक्ने अवस्था छैन । भुक्तानी गर्न सक्दा मंसिरमै सकिन्थ्यो । पैसा नभएका कारण काम रोकिन्छ भन्ने लागेको छ,' उनले भने, 'योजना समापन गर्न अर्थ मन्त्रालयले नै पैसा नपठाएपछि योजना सक्न एक-दुई महिना थप लाग्छ ।'

एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा एक सय मिटर अग्लो १८ तले भ्युटावर निर्माणका लागि २७ असार ०७६ मा ठेक्का लागेको थियो । २७ पुस ०७८ मा सक्ने गरी चनियाँ कम्पनी जेडसिजिआइइसी, आशिष र ओम साइराम जेभीले एक अर्ब ५६ करोड १४ लाख ३९ हजार एक सय ६४ रुपैयाँमा ठेक्का लिएका थिए । हाल यो योजनाको लागत बढेर एक अर्ब ६५ करोड पुगेको सघन सहरी तथा भवन निर्माण कार्यालय झापाले जनाएको छ ।

भ्युटावर निर्माणको काम समयमा नसकिएपछि तीनपटक म्याद थपियो । अब मंसिर मसान्तसम्म समय छ । भ्युटावरको भित्री काम लगभग सकिएको सघन सहरीले जनाएको छ । भ्युटावरका केही भित्री कामबाहेक बर्गैचा तथा पार्क निर्माणको काम रहेको सघन सहरी तथा भवन निर्माण कार्यालय झापाका भ्युटावर हेर्ने परियोजना इन्जिनियर भूपेन्द्रकुमार यादवले जानकारी दिए । 'भवनको मुख्य काम सकियो । अब फिनिसिङ बाँकी छ । बर्गैचा तथा फुटपाथ निर्माणको काम बाँकी छ,' उनले भने, 'मुख्य भवनमा इलेक्ट्रिकल सेनिटरीको काम बाँकी छ ।'

दमकको यो भ्युटावर निर्माण सुरु हुँदा स्थानीय तहलाई हस्तान्तरण गर्ने योजना रहेको सघन सहरी तथा भवन निर्माण कार्यालय झापा प्रमुख सुदीप पौडेलले जानकारी दिए । तर, हाल कसरी सञ्चालन गर्ने भन्ने कार्यविधि बनिनसकेकाले स्थानीय तहलाई सञ्चालनका लागि दिने-नदिने टुंगो नलागेको उनले बताए । 'मन्त्रालयले यसलाई कसरी सञ्चालन गर्ने भन्ने कार्यविधि बनाउँदै छ । योजना सुरु हुँदा स्थानीय तहलाई हस्तान्तरण गर्ने मोडालिटीमा गएको थियो,' उनले भने, 'बीचमा भ्युटावर र सभाहल कसरी सञ्चालन गर्नेबारे मन्त्रालयले तयारी गर्दै छ । यहाँबाट अन्तिम टुंगो नलागेसम्म केही भन्न सकिँदैन ।'

यस्तै, भ्युटावरलाई केमा प्रयोग गर्ने भन्ने पनि टुंगो लागेको छैन । यद्यपि, यसलाई बिजनेस सेन्टरको रूपमा प्रयोग गर्ने चर्चा गरिँदै आएको छ ।

'बजेटका कार्यक्रम कागजमै सीमित'

३५ प्रतिशत घोषणामा 'शून्य' प्रगति



नयाँ पत्रिका

सरकारले बजेटमार्फत घोषणा गरेका धेरैजसो कार्यक्रमहरू कागजमै मात्र सीमित हुने गरेको व्यवसायीहरूले बताएका छन् । नेपाल उद्योग परिसंघले गरेको बजेट वाचअन्तर्गत आर्थिक वर्ष ०७९/८० को अध्ययनले निजी क्षेत्र र अर्थतन्त्रसँग सम्बन्धित ६२ बुँदे घोषणामध्ये ३५ प्रतिशत (२२ बुँदा)मा शून्य प्रगति देखाएको हो ।

परिसंघका उपाध्यक्ष हेमराज ढकालले बजेटमा पूर्ण कार्यान्वयन भएका बुँदाहरू ११ वटा (१८ प्रतिशत) मात्र रहेको बताए । २९ वटा बुँदा भने आंशिक मात्र कार्यान्वयन भएको बजेट वाचको अध्ययनमा देखिएको छ, जुन ४७ प्रतिशत हो । चालू आवमा ०८०/८१ का लागि भने परिसंघले बजेटका कुल ७३ वटा बुँदामा बजेट वाच गर्न लागेको बताइएको छ । निजी क्षेत्र र अर्थतन्त्रसँग सम्बन्धित प्राथमिकताप्राप्त बुँदाहरूलाई ६ वटा क्षेत्रमा वर्गीकरण गरिएको छ । जसमा ऊर्जा, पर्यटन तथा हस्पिटालिटी, सूचना प्रविधि, पूर्वाधार, शिक्षा तथा स्वास्थ्य, कृषि, औषधिजन्य तथा सुगन्धित वनस्पति र खानी तथा खनिज रहेका छन् ।

विदेशी लगानी भित्रिएन

परिसंघले शुक्रबार राजधानीमा लगानी प्रवर्द्धनसम्बन्धी बुँदामा आधारित रहेर बजेटको समीक्षा गरेको छ । समीक्षा कार्यक्रममा सहभागीले नेपालमा अपेक्षित वैदेशिक लगानी भित्रिन नसकेको स्वीकार गरेका छन् । परिसंघका अध्यक्ष राजेश अग्रवाललले बजेटमा राम्रा योजना आए पनि कार्यान्वयन पक्ष कमजोर रहेको बताए । बजेट कार्यान्वयन कमजोर हुँदा पुँजीगत खर्चसमेत कमजोर हुने गरेको उनको भनाइ छ ।

देशको आर्थिक रूपान्तरणका लागि लगानी बढाउनुपर्ने भन्दै उनले दिगो विकास लक्ष्यका लागि चाहिने वार्षिक २० खर्ब २५ अर्ब रुपैयाँ आन्तरिक क्षमताले नभ्याउने भन्दै विदेशी लगानी चाहिएको उल्लेख गरे । यस वर्षको बजेटमा लगानी प्रवर्द्धनसँग सम्बन्धित आठवटा बुँदा रहेको र यसको कार्यान्वयन हुनुपर्ने उनको भनाइ छ । उनले भने, 'बजेटमा घोषणा गरिएका नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन भएमा मन्दीको असर, समग्र बजार मागमा आएको कमी, निजी क्षेत्रको घट्दो मनोबलमा सुधार ल्याउन सकिन्छ ।'

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव गोविन्द कार्कीले चालू आवको पहिलो चार महिनामा प्रणाली सुधार र कानुनी क्षेत्रमा काम भएको बताए । नेपालमा लगानी गरिरहेका विदेशी लगानीकर्ताको भिसा सहज बनाउन कानुनी रूपमा काम भइरहेको भन्दै उनले विदेशी लगानी सहजीकरण गर्ने काम सरकारको प्राथमिकतामा रहेको बताए ।

नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेश हमालले नेपालमा भन्झटिलो प्रक्रियाकै कारण विदेशी लगानी आकर्षित हुन नसकेको बताए । आफूले गैरआवासीय नेपालीलाई नेपालको स्टक मार्केटको दोस्रो बजारमा लगानी गर्ने बाटो बनाउन प्रयासरत रहेको भन्दै यसमा समेत कानुनी अड्चन रहेको प्रसंग निकाले । नेपाल राष्ट्र बैंकको डेपुटी गभर्नर निलम ढुंगानाले बजेटमा उल्लेख बुँदाहरूको कार्यान्वयनमा सबैको समन्वयकारी भूमिका आवश्यक रहेको बताइन् । विदेशी लगानी आकर्षित गर्ने सम्बन्धमा रहेका झन्झट हटाउनुपर्ने भन्दै उनले त्यसमा राष्ट्र बैंकले समेत काम गरिरहेको जानकारी गराइन् ।

पूर्वसचिव शिशिरकुमार ढुंगानाले लगानी सम्बन्धित पोर्टलहरूलाई अपडेट गरी राख्न सुझाव दिए । ती पोर्टलहरूबाटै विदेशी लगानीकर्ताले धेरै सूचना लिने भन्दै उनले त्यसमा ध्यान दिन सरकारलाई सुझाव दिए । उनले ऐन-कानुनमा समसामयिक सुधारको समेत आवश्यकता औंल्याए ।

भाइमसलामा म्याद गुज्रिएका वस्तु

धादिङ/ तिहारका लागि तयार पारिएका भाइमसलाका प्याकेटमा म्याद गुज्रिएका खानेकुरा भेटिएको छ ।

बजार अनुगमन समितिले भाइमसलामा राखिएका सामग्रीहरूको म्याद गुज्रिएको र अखाद्य वस्तु भेटिएपछि धादिङबेँसीमै रहेको गढीमाई मिठाई भण्डार एन्ड खाजा घरलाई पाँच हजार जरिवाना गरेको छ । मिठाईमा किराजन्य वस्तु भेटिएको, मिठाईमा रङ प्रयोग गरिएको र पहिले दिएको निर्देशन पालना नगरेका कारण जरिवाना गरिएको अनुमगन समितिका संयोजक एवं धादिङका सहायक प्रमुख जिल्ला अधिकारी हुमनाथ पराजुलीले बताए ।

'मसलाका प्याकेट हेर्दा चिटिक्क छन्, तर त्यही प्याकेटभित्र राखिएका भाइमसलाका चकलेट, चोकोपाई, बिस्कुट, किसमिस, काजु, ओखर, सुपारीलगायतका सामग्रीको म्याद गुज्रिसकेको छ । मिठाईमा त किरासमेत भेटिएका छन्,' उनले भने ।

अनुगमन गरी व्यापारीहरूलाई अखाद्य वस्तु बिक्री नगर्न निर्देशन दिएको पनि पराजुलीले बताए । रङ प्रयोग गरिएका मिठाई तथा म्याद गुज्रेका खानेकुरा बिक्री गरे कानुनअनुसार कारबाही गर्ने उनको भनाइ छ ।

एक महिनाभित्रमा बचत फिर्ता गर्ने योजना पेस गर्न सहकारी विभागको निर्देशन

नयाँ पत्रिका

पछिल्लो समय एकपछि अर्को सहकारी संस्थाहरू जोखिममा पर्न थालेपछि सहकारी विभागले चारबुँदे निर्देशन जारी गरेको छ । सहकारी क्षेत्रमा देखा परेको समस्या समाधान गर्न गठित सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० को सुझाव विभागले आफ्नो क्षेत्राधिकारभित्र पर्ने संस्थालाई निर्देशन जारी गरेको हो ।

विभागले शुक्रबार निर्देशन जारी गर्दै सहकारी संस्थाहरूलाई एक महिनाभित्र बचतकर्ताको बचत फिर्ता गर्ने कार्ययोजना पेस गर्न भनेको छ । समस्यामा परेका संस्थामा बचतकर्ताले माग गरेको रकम फिर्ता गर्ने कार्य योजना मंसिरभित्रमा विभागमा पेस गर्न निर्देशन दिएको हो । सरकारले हालसम्म १३ वटा सहकारीलाई समस्याग्रस्त संस्था घोषणा गरेको छ भने करिब पाँच सय सहकारी संकटमा परेको विभागको अनुमान छ । सहकारी संस्थाले बचत रकम नै फिर्ता गर्न छाडेपछि बचतकर्ताले सरकार गुहार्न थालेका छन् । यसै समस्यालाई सम्बोधन गर्न सरकारले गत वैशाखमा राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा सहकारी क्षेत्र सुधार सुझाव कार्यदल २०८० गठन गरेको थियो । कार्यदलले यसअघि भएका अध्ययन प्रतिवेदनको विश्लेषण, सहकारी अभियानकर्मी, पीडित बचतकर्ता, विज्ञलगायतका व्यक्तिसँगको छलफलपछि प्रतिवेदन सरकारलाई बुझाएको छ । प्रतिवेदनमा सहकारी क्षेत्रको सुधारका लागि केन्द्र, प्रदेश र स्थानीय सरकारले गर्नुपर्ने काम र जिम्मेवारीहरू उल्लेख छ । त्यसैगरी, कार्यदलले सरकारले छोटो अवधि र दीर्घकालीन अवधिमा गर्नुपर्ने सुधारका कार्यसहित प्रतिवेदन पेस गरेको छ । सोहीबमोजिम सहकारी विभागले निर्देशन जारी गरेको विभागका रजिस्ट्रार टोलराज उपाध्ययले बताए । संकटमा परेको सहकारीमा १० अर्बभन्दा बढी बचतकर्ताको रकम डुबेको विभागका अनुमान छ ।

सहकारी संस्थाले मंसिरभित्र श्वेतपत्र जारी गर्नुपर्ने

सहकारी विभागले सहकारी संस्थाहरूलाई आगामी मंसिरभित्रमा श्वेतपत्र जारी गर्न निर्देशन दिएको छ । विभागले संकटमा परेको सहकारी संस्थालाई श्वेतपत्र पेस गर्न निर्देशन दिएको हो । सहकारी संस्थाले बचत दायित्व, लगानी तथा सम्पत्तिलगायतका वित्तीय विवरण समेटिएको श्वेतपत्र जारी गरी विभागमा पेस गर्नुपर्नेछ ।

विभागका अनुसार संकटमा परेका सहकारीमध्ये सबै सहकारी खराब छैनन् । केही सहकारीहरू अहिलेको आर्थिक मन्दीले पनि प्रभावित भएका छन् । त्यसैले विभागले सहकारीको समस्या पहिचान गरी समाधानको उपाय अपनाउने भएको छ । संस्थाले लगानी गरेको क्षेत्र स्पष्ट भएको र कर्जा उठ्न सक्ने सहकारीलाई विभागले सच्चिने वातावरण बनाउने बताएको छ । तर, लगानी भएको क्षेत्र पनि पहिचान नभएको सञ्चालकहरू पनि सम्पर्कमा नभएका सहकारीलाई भने सिआइबीलाई जिम्मा लगाउने भएको छ ।

यसका साथै सबै सहकारी संघ-संस्थाका सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरू र व्यवस्थापकको सम्पत्ति विवरण संकलन गरी त्यसलाई पुष्टि गर्ने कागजातसहित ०८० साल मंसिर मसान्तभित्र विभागमा पेस गर्न पनि विभागले निर्देशन दिएको छ ।

संकटमा परेका संस्थामा सञ्चालक समिति र व्यवस्थापकले गरेको चरम लापरबाही देखिएको छ । सञ्चालक र व्यवस्थापकले आफूखुसी कर्जा लिएर भुक्तानी नगर्ने, बचतकर्ता रकम अपचलन गर्नेजस्ता गतिविधि देखिएका छन् । यस्तो प्रवृत्तिलाई कडाइ गर्न विभागले यस्तो निर्देशन दिएको हो ।

विद्युत् महसुल नतिर्ने २६ हजार ग्राहकको लाइन काटियो

नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणले समयमा विद्युत् महसुल नतिर्ने २६ हजार ग्राहकको लाइन काटेको छ । गत १२ कात्तिकबाट विद्युत् महसुल बक्यौता असुलीलाई देशभरि अभियानकै रूपमा सञ्चालन गरिरहेको प्राधिकरणले बिहीबारसम्ममा २६ हजार दुई सय ४४ ग्राहकको लाइन काटेको छ । लाइन काटिएका ग्राहकको बक्यौता रकम करिब ६२ करोड रहेको छ ।

यसअवधिमा सबैभन्दा बढी मधेस प्रदेशमा लाइन काटिएको छ । मधेस प्रादेशिक कार्यालय, जनकपुरमातहतका वितरण केन्द्रहरूले चार हजार आठ सय ५२ ग्राहकको लाइन काटेका छन् । उक्त ग्राहकको बक्यौता रकम १७ करोड ११ लाख रुपैयाँ रहेको छ । कोसी प्रादेशिक कार्यालय, विराटनगरमातहतका वितरण केन्द्रहरूले महसुल नतिर्ने चार हजार तीन सय ३१ ग्राहकको लाइन काटेका छन् । उक्त ग्राहकको बक्यौता रकम नौ करोड ८१ लाख रुपैयाँ रहेको छ ।

लुम्बिनी प्रदेश डिभिजनल कार्यालय, नेपालगन्जमातहतका वितरण केन्द्रहरूले चार हजार १८ ग्राहकको लाइन काटेका छन् । उनीहरूको बक्यौता रकम तीन करोड ८५ लाख रुपैयाँ छ । लुम्बिनी प्रादेशिक कार्यालय, बुटवलमातहतका वितरण केन्द्रहरूले तीन हजार तीन सय ५२ ग्राहकको लाइन काटेका छन् । उनीहरूको बक्यौता रकम सात करोड ८५ लाख रुपैयाँ छ । गण्डकी प्रादेशिक कार्यालय, पोखराले महसुल नतिर्ने दुई हजार सात सय ५५ ग्राहकको लाइन काटेको छ । बक्यौता रकम चार करोड ६ लाख रुपैयाँ छ ।

बागमती प्रादेशिक कार्यालय, काठमाडौंमातहतको वितरण केन्द्रहरूले दुई हजार सात सय ९३ ग्राहकको लाइन काटेका छन् । बक्यौता रकम ११ करोड ३४ लाख रुपैयाँ छ । बागमती प्रदेश डिभिजनल कार्यालय, हेटौंडामातहतका वितरण केन्द्रहरूले दुई हजार एक सय ७७ ग्राहकको लाइन काटेका छन् । बक्यौता रकम चार करोड ८२ लाख रुपैयाँ छ ।

सुदूरपश्चिम प्रादेशिक कार्यालय, अत्तरियामातहतका वितरण केन्द्रहरूले एक हजार तीन सय ४२ ग्राहकको लाइन काटेका छन् । बक्यौता रकम दुई करोड २७ लाख रुपैयाँ छ । कर्णाली प्रादेशिक कार्यालय, सुर्खेतमातहतका वितरण केन्द्रहरूले ६ सय २४ ग्राहको लाइन काटेका छन् । बक्यौता रकम ९१ लाख रुपैयाँ छ ।

संगठित रूपमै विद्युत् चोरी

सर्लाहीको बलरा नगरपालिका क्षेत्रमा संगठित रूपमै बिजुली चोरी भइरहेको पाइएको छ । नेपाल विद्युत् प्राधिकरण मधेस प्रादेशिक कार्यालय, जनकपुरले गत आइबारदेखि बुधबारसम्म बलरा नगरपालिका विभिन्न स्थानमा गरेको छड्के जाँचका क्रममा घरायसी तथा अन्य ग्राहकले गैरकानुनी रूपमा व्यापक बिजुली प्रयोग गरिरहेको फेला पारेको छ ।

प्रादेशिक कार्यालय जनकपुरले नमुनाका रूपमा एक सय ग्राहकको सिंगल तथा थ्री फेज मिटरको छड्के जाँच गरेको थियो । त्यसमध्ये ४० भन्दा बढी ग्राहकले विद्युत् चोरी गरिएको पाइएको कार्यालयका प्रमुख मुनिन्द्र ठाकुरले बताए ।

प्रमुख ठाकुरले विद्युत् वितरण लाइनबाट हुकिङ गर्ने, मिटर नराख्ने, राखेका मिटर पनि उल्टो पार्ने, मिटरमा प्वाल पारेर किला हालेर घुम्न नदिने, मिटरलाई बाइपास गरी विद्युत् प्रयोग गर्नेलगायतका गैरकानुनी क्रियाकलाप संगठित रूपमै भइरहेको पाइएको बताए । उनले गैरकानुनी रूपमा विद्युत् प्रयोग गरिरहेका ग्राहकलाई जरिवानासहित हदैसम्मको कारबाही गर्न मलंगवा वितरण केन्द्रलाई निर्देशन दिइएको बताए । उक्त केन्द्रको विद्युत् चुहावट ५२ प्रतिशत छ ।

जाजरकोट...

पृष्ठ १ बाट क्रमशः

वर्षीया पम्फा रावलको मृत्यु भएको जानकारी रहेको बताए। 'उहाँहरू दमको रोगी हो भन्ने सुनेको छु, बाँकी विषयमा बुझ्ने काम भइरहेको छ,' उनले भने। कुशे गाउँपालिका अध्यक्ष हरिचन्द्र बस्नेतले आफ्नो गाउँपालिकामा दुईजनाको मृत्यु भएको पुष्टि गरे। 'वडा नम्बर ५ मा ६५ वर्षकी देवी मल्ल र वडा नम्बर ६ मा ५५ वर्षका गथु शाहीको मृत्यु भएको छ,' उनले भने। उनीहरू केही दिनदेखि रुघाखोकी र ज्वरोबाट ग्रसित भएको र भूकम्पका कारण घरबाहिर बस्नुपर्दा ज्यान गएको हुन सक्ने अध्यक्ष बस्नेतले बताए। दुवैजनाको शुक्रबार पालमै मृत्यु भएको हो। 'बिरामी रहेको अवस्थामा भूकम्प आएको र घरबाहिर बस्नुपर्दा त्रासको वातावरण पनि रह्यो, चिसोसमेत बढेका कारण उनीहरूको मृत्यु भएको देखिन्छ,' अध्यक्ष बस्नेत बताउँछन्।' चिसोका कारण अझै समस्या हुने उनले बताए। कुशे गाउँपालिका ११ देखि ४८ सय मिटरको उचाइसम्ममा रहेकाले अब यहाँ अध्यधिक चिसो हुने उनको भनाइ छ। चिसोलाई मध्यनजर गरेर पालिकाका युवाहरूलाई भूकम्प प्रभावितका लागि सानासाना गोठ निर्माणमा लगाएको उनले जानकारी गराए। पालिकामा ४ हजार ६ सय २ घरपरिवार रहेकामा अहिले लगभग सबै पालको सहारामा रहेको उनले बताए।

जिल्ला अस्पतालका सूचना अधिकारी खत्रीले जिल्लाभरमै चिसोका कारण समस्या बढ्न थालेको बताए। जिल्लाका भूकम्प प्रभावित ठाउँमा बुझ्दा चिसोका कारण समस्या बढ्न थालेको र स्वास्थ्य संस्थामा आउनेको संख्यामा वृद्धि भइरहेको देखिएको उनले बताए। चिसो अझै बढ्दो क्रममा रहेको र शनिबार बिहानदेखि वर्षासमेत भइरहेका कारण थप समस्या हुने उनको भनाइ छ। स्वास्थ्य समस्यालाई ध्यानमा राखेर जिल्लाभरमा २६ वटा टोली बनाएर एक सय ४४ जना स्वास्थ्यकर्मी परिचालन गरिएको उनले बताए। यसमा केही जिल्लाबाहिरबाट आएका चिकित्सकसहितका स्वास्थ्यकर्मी छन् भने बाँकी जिल्ला अस्पताल तथा स्थानीय तहका स्वास्थ्यकर्मी छन्। नगर प्रमुख बस्नेतले पनि चिसोबाट भूकम्प प्रभावितलाई जोगाउन स्वास्थ्यकर्मीलाई अलर्ट राखिएको बताए। पालिकाभरमा डाक्टरसहित ७० देखि ७५ जनासम्म स्वास्थ्यकर्मी परिचालन गरिएको उनको भनाइ छ। नगर अस्पताललाई समेत व्यवस्थित गर्ने काम भएको उनले बताए।

त्यसैगरी, रुकुम पश्चिमको सानीभेरी गाउँपालिका- १ मा रहेको चाइनाबगर स्वास्थ्य चौकी भूकम्पले ध्वस्त बनाएपछि यतिवेला पालबाट सञ्चालित छ। स्वास्थ्य चौकीलाई पालबाटै सेवा दिन भ्याइनभ्याई छ। यो क्षेत्र भूकम्पबाट प्रभावित क्षेत्र भएकाले स्वास्थ्य सेवा कार्यालयले डाक्टरसहितको स्वास्थ्यकर्मीको टोली परिचालन गरेको छ। यहाँ डाक्टर शिवजी कार्की खटिएका छन्। चिसोका कारण बिरामी बढ्न थालेको उनले जानकारी दिए। अहिले दैनिक ४० भन्दा बढी चिसोका बिरामी उपचारका लागि आउने गरेका छन्। यी सबै भूकम्प प्रभावित हुन्। पालमुनिको वासले भूकम्प प्रभावितलाई ज्वरो, निमोनिया, रुघाखोकीलगायत समस्या देखिन सुरु गरिसकेको डाक्टर कार्कीको भनाइ छ। केही सुन्निएका बिरामीसमेत छन्। केही भने भूकम्पका कारण चोटपटक लागेका बिरामी छन्। अहिले नै उच्च जोखिम नरहे पनि लक्षण भने राम्रो नरहेको उनी बताउँछन्। अब चिसो झन् बढ्ने भएकाले समस्या बढ्ने उनको अनुमान छ।

जिल्लामा सबैभन्दा बढी प्रभावित आठबिसकोट नगरपालिकामा पनि चिसोका कारण बिरामी बढ्न थालेका छन्। नगरको घेत्मा स्वास्थ्य चौकी पनि भूकम्पका कारण पूर्ण रूपमा ध्वस्त छ। त्यहाँ पनि पाल राखेर सेवा प्रवाह भइरहेको छ। यो स्वास्थ्य चौकीमा पनि बिरामी चाप दिनदिनै बढ्दै गइरहेको डाक्टर अविनाश धरालाले बताए। भूकम्प प्रभावितको स्वास्थ्यलाई ध्यानमा राखेर यहाँ डाक्टर धराला नेतृत्वको टोली परिचालित छ। चिसोले समस्या बनाउन थालिसकेको डाक्टर धरालाले बताए। बालबालिका, ज्येष्ठ नागरिक र गर्भवती तथा सुत्केरी महिला दैनिक सेवा लिन आइरहेका छन्। भूकम्प प्रभावितलाई मुख्य गरी चिसोले नै सताउन थालेको र बिरामी पर्न थालेको उनको भनाइ छ। यसरी नै बिरामीको संख्या बढ्दै जाने हो भने ठूलो समस्या आउनबाट कसैले रोक्न नसक्ने भन्दै उनले चिन्ता व्यक्त गरे।

त्यस्तै, सरकारले जाजरकोट भूकम्पबाट प्रभावित १२ जिल्लामा तत्काल अस्थायी आवास बनाउन आज (आइतबार) कार्यविधि पारित गर्दै छ। ०७२ पछिका भूकम्पबाट घरबार गुमाएकालाई स्थायी र अस्थायी आवासका लागि अनुदान दिन छुट्टै व्यवस्था नरहेकाले सरकारले भूकम्पपीडित अस्थायी आवास निर्माणसम्बन्धी कार्यविधि पारित गर्न लागेको हो। कार्यविधि उपप्रधानमन्त्री एवं गृहमन्त्रीसमेत रहेका राष्ट्रिय विपत् व्यवस्थापन कार्यकारी समितिका अध्यक्ष नारायणकाजी श्रेष्ठको अध्यक्षतामा आइतबार दिउँसो साढे १२ बजे बस्ने कार्यकारी समितिले गर्नेछ। कार्यविधि पारितसँगै भूकम्पबाट घर पूर्ण र आंशिक क्षति भएका कारण घरबाहिर पुगेका जाजरकोट, पश्चिम रुकुमसहितका जिल्लामा अस्थायी आवासका लागि प्रतिपरिवार ५० हजार निकासा गर्नेदेखि भूकम्पपीडितका सन्दर्भमा अन्य निर्णय हुनेछन्।

प्रभावित क्षेत्रबाट...

पृष्ठ १ बाट क्रमशः

सकारात्मक भएको बताए। तर, सामग्रीको उपलब्धताका कारण वितरणमा भने समस्या देखिएको उनको भनाइ छ।

'राहत व्यवस्थापनमा एकद्वार प्रणाली सकारात्मक छ। सामग्री उपलब्ध नहुँदा वितरणमा सानातिना समस्या देखिएका छन्। तत्कालका लागि त्रिपाल अत्यावश्यक छ, पहिलो चरणमा यसको व्यवस्थापन छिटो हुनुपर्छ। तर, तिहारलगत्तै अस्थायी आवास निर्माण गर्ने युद्धस्तरमा गर्न आवश्यक छ। नत्र त्रिपालले जाडो थेग्दैन भयावह अवस्था आउन सक्छ। सरकारले आवश्यक निर्णय र रकम व्यवस्थापन गनुपर्छ, यसमा चुक्नुहुँदैन भनेर प्रधानमन्त्रीलाई जानकारी गराएका छौं। उहाँले सकारात्मक छु भन्नुभएको छ,' महामन्त्री थापाले भने। महामन्त्रीद्वयले निश्चित मापदण्डका आधारमा अस्थायी आवास बनाउन, जाडोको मौसम मध्यनजर गर्दै मंसिर मसान्तसम्ममा अस्थायी आवास निर्माण गर्न युद्धस्तरमा काम अघि बढाउन, प्रभावित परिवारलाई न्यूनतम ४० हजार तिहारलगत्तै उपलब्ध गराउन, सुरक्षा संयन्त्र र दलबाट स्वयंसेवी परिचालन गर्न, व्यवसायी र आवासका लागि आवश्यक लोनको सहजीकरण गर्न, सांसद विकास कोषका लागि गत आर्थिक वर्षमा छुट्याएको र अदालतका सर्वोच्चका आदेशका कारण रोकिएको आठ अर्बभन्दा बढी रकम भूकम्प प्रभावित क्षेत्रको पुनर्निर्माणमा लगाउन आवश्यक रहेको उल्लेख गरिएको छ।

त्यस्तै, स्वास्थ्योपचारमा आकस्मिक सेवा प्रभावित हुन नदिन, मनोसामाजिक परामर्शका लागि विशेष संयन्त्र निर्माण गर्न, वैकल्पिक सिकाइमार्फत पठनपाठनको व्यवस्था मिलाउन सुझाव दिएको छ।

तल्ला अदालतबाट...

पृष्ठ १ बाट क्रमशः

थियो। फैसलामा छ, 'निवेदकको आमाको जिम्मामा रहेको अवधिसमेत जोड्दा फैसलाले ठहर गरेको बाल सुधारगृहमा बस्नुपर्ने अवधि भुक्तान भइसकेको देखिँदा हाल बाल सुधारगृहमा बस्नुपर्ने अवधि भनी जारी भएको कैदीपुर्जी गैरकानुनी भइसकेको।' उनलाई तत्कालै थुनामुक्त गर्न सर्वोच्चले आदेश दिएको थियो।

पछिल्लो समय बालबालिका तथा किशोर, किशोरी प्रतिवादी रहेका मुद्दामा सर्वोच्च अदालतले फराकिलो व्याख्या गर्न थालेको छ। कम उमेरमा गरेका गलत कार्यलाई अदालतले नरम दृष्टिले हेरिरहेको सरोकारवाला बताउँछन्। उनीहरूलाई सुधारको मौका दिने गरी न्यून सजाय मात्र हुने र यसलाई सकारात्मक लिनुपर्ने उनीहरूको भनाइ छ।

अधिवक्ता पंकज कर्ण नेपालमा मात्र नभई विश्वमै बालबालिकाले गरेका कसुरजन्य कार्यलाई अपराधशास्त्रीय सिद्धान्तले नभई बालन्यायको दृष्टिकोणले हेर्ने गरेको बताउँछन्। बालबालिका देशको सम्पत्ति मानिने र बाल मनोविज्ञानले गर्दा सिक्ने उमेरमा कसुरजन्य कार्य गर्ने भएकाले विश्वले बालबालिकाप्रति नरम दृष्टिकोण अपनाएको उनको भनाइ छ। उनका अनुसार १० वर्ष नपुगेका बालबालिकाबाट हुने कार्यलाई अदालतले कसुर मान्दैन।

बालबालिकाले कतैबाट प्रभावमा परी, उत्सुक बाल मनोविज्ञानका कारण र लहैलहैमा लागेर कसुरजन्य कार्य गर्ने मान्यता राखिन्छ। बालबालिका प्रतिवादी रहेको मुद्दामा बन्द इजलासबाट सुनुवाइ गरिन्छ। 'उनीहरूले गरेको कार्यलाई अपराध भनिँदैन, कसुरजन्य कार्य भनिन्छ। उनीहरूलाई अपराधी मानिँदैन, कानुनको विवादमा परेका बालबालिका भनिन्छ,' अधिवक्ता कर्ण भन्छन्, 'नेपालमा पनि बालबालिकासम्बन्धी ऐन बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी तयार भएको छ। कानुन उदार भएकाले न्यायालय पनि उदार भएको हो।'

बालबालिकालाई अन्य अपराधीसरह नभई न्याय हुने गरी न्यूनतम सजाय गर्नुपर्ने विषयमा पटक-पटक सर्वोच्चले बोल्दै आएको छ। ७ फागुन ०७७ मा पनि न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र हरिप्रसाद फुँयालको इजलासले पर्वतको एक घटनामा उच्चकै फैसला सदर गर्दै ती किशोरीको कैद सजाय दुई वर्ष कायम गरिदिएको थियो। ती किशोरीले १८ भदौ ०७५ मा छोरी जन्माई मारेर बोराभित्र राखी नजिकैको कुलोमा फालिदिएकी थिइन्।

यो मुद्दामा फैसला गर्दै सर्वोच्चको संयुक्त इजलासले 'बालबालिकाको अधिकारको परिप्रेक्ष्यमा किशोर अवस्थामा रहेका कानुनले बालबालिका हुन् भनी निर्धारित गरेको उमेर समूहभित्र देखिएका वा सामान्यतया २० वर्षको उमेरसम्मका किशोर-किशोरीबीच हुने असुरक्षित यौन सम्बन्धसँग सम्बन्धित कसुरजन्य कार्यमा कानुन कार्यान्वयन गर्दा उदार दृष्टिकोण अपनाउनु उपयुक्त देखिने' नजिर बनाएको थियो।

सवा १३ करोड...

पृष्ठ १ बाट क्रमशः

लाख ५० हजार लिटरको खानेपानी ट्यांकी निर्माण सुरु गरिएको छ। तर, समयमा काम नसक्दा स्थानीय शुद्ध पिउने पानीबाट वञ्चित छन्। 'ट्यांकी बनाएको त धेरै भयो। तर, अहिलेसम्म पानी आएको छैन,' उनले भनिन्, 'ट्यांकी हेरेर हामी फोहोर पानी खान्छौं। आसैआसमा निराश भइयो।'

आर्थिक वर्ष ०७३/७४ मा १२ सय घरधुरीका लागि जामुनबारी-प्रजापति-कन्काई खानेपानी आयोजनाको काम सुरु गरिएको थियो। तर, सात आर्थिक वर्ष बितिसक्दा पनि खानेपानी आयोजनाको काम बल्ल ३० प्रतिशत मात्र भएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय झापाले जनाएको छ। अझै उक्त खानेपानी आयोजना कति वर्षमा सकिने हो भन्ने जवाफ खानेपानी तथा सरसफाइ डिभिजनसँग समेत छैन। काम सुरु भएको करिब आठ वर्षमा पनि काम नसकिँदा स्थानीय ट्युबेलको अशुद्ध पानी पिउन बाध्य छन्।

ट्युबेलको आर्सेनिक पानीले स्थानीयको स्वास्थ्यमा समेत प्रभाव पारेको कन्काई- २ का नेत्रप्रसाद अधिकारीले बताए। 'हामी त बाध्य भएर यो पानी खाइरहेका छौं। यसले हाम्रो स्वास्थ्यमा कति असर गरेको होला ? पानी गन्हाएर खान पनि मुस्किल पर्छ। सेतो लुगा यो पानीले धुनेबित्तिकै रातो हुन्छ,' उनले भने, 'केहीबेर पानी भाडामा राखियो भने रातो बस्छ। यस्तो पानी कहिलेसम्म खाने ? सरकारले किन वास्ता नगरेको ?'

जामुनबारी-प्रजापति-कन्काई खानेपानी उपभोक्ता समितिले प्रत्येक घरबाट गत वैशाखमा पाँच हजार संकलन गरेको थियो। तर, अझै खानेपानी आउने छाँटकाँट नरहेको अधिकारी बताउँछन्।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय झापाका अनुसार यो खानेपानी आयोजनामा हालसम्म तीन करोड ६३ लाख ७४ हजार खर्च भएको छ। जसबापत ३० प्रतिशत हाराहारी काम भएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय झापाका प्रमुख विकास काफ्लेले जानकारी दिए। चालू आर्थिक वर्षमा प्रदेश सरकारले यो आयोजनाको कामका लागि ८७ लाख ५० हजार रुपैयाँ दिने भएको छ। यद्यपि, यो बजेटले काम भने सुरु हुन सकेको छैन। उक्त आयोजना निर्माण सम्पन्न गर्न १३ करोड २५ लाख ७७ हजार लाग्ने अनुमान खानेपानी तथा सरसफाइ डिभिजनको छ। जसमा स्थानीयले श्रमदानमार्फत दुई करोड ९६ लाख ८१ हजारबराबरको योगदान गर्नुपर्ने हुन्छ।

न्यानो कपडातिर जोड गर्दै छौं

● **डम्बरबहादुर रावत**, मेयर, नलगाड नगरपालिका जाजरकोट

भूकम्प गएको एक साता बितिसकेको छ। पीडितले अझै पनि राहत पाउन नसकेको गुनासो गरिरहेका छन् ? राहत वितरणमा किन ढिलाइ ?

दिनरात राहतको व्यवस्थापनमै लागेका छौं। नलगाड नगरपालिकामा १३ वटै वडा प्रभावित छन्। लगभग सबै घरमा क्षति पुगेको छ र अहिले एकाधबाहेक सबै घरबाहिरै छन्। कुल ६ हजार पाँच सय घरधुरीमध्ये ६ हजार घरमा क्षति पुगेको छ। नगरभरमा ५५ जनाको मृत्यु भएको छ। जसमा एक नम्बर वडाका मात्र २३ जना छन्। वडा नम्बर १ देखि ७ मा धेरै प्रभावित छन्। ८ देखि १३ सम्म तुलनात्मक रूपमा कम क्षति भएको छ। राहत वितरणमा पनि १ देखि ७ नम्बर वडालाई विशेष प्राथमिकता दियौं। यी वडाका सबै प्रभावितले एकसरो राहत पाइसकेका छन्। यी वडामा चार-पाँच सयदेखि १४ सयसम्म पाल पठाएका छौं। खाद्यान्न पनि सोहीअनुसार पठाएका छौं। मलाई लाग्छ यी वडामा कोही पनि प्रभावित छुट्नुभएको छैन। यदि कतै छुट्नुभएको रैछ भने तत्कालै राहत दिन्छौं। अलि कम प्रभावित वडा नम्बर ८ देखि १३ मा पनि राहत सामग्री पठाएका छौं। वडा नम्बर ८ मा दुई सय ५०, ९ मा ५०, १० मा सय, ११ मा ९०, १२ मा २० र १३ मा २५ थान पाल पठाएका छौं। खाद्यान्न पनि पुगेको छ। समग्रमा तीन हजार चामलका बोरा, सात हजार ब्लांकेट र साढे पाँच हजार थान त्रिपाल वितरण गरिसकेका छौं। राहत वितरण जारी नै छ।

दीर्घरोगी र वृद्धवृद्धालाई चिसोले धेरै नै असर गरेको छ भने केहीको मृत्युसमेत भएको खबर छ नि ?

हो, चिसोले असर गर्न थालिसक्यो। हाम्रै पालिकामा दुईजनाको मृत्यु भएको छ। वडा नम्बर ४ का ७७ वर्षीय गोपाल रावल र सोही वडाकै ४० वर्षीया पम्फा रावलको मृत्यु भएको छ। उहाँहरू दीर्घरोगी हुनुहुन्थ्यो। यस्तो समस्या अझै बढ्न सक्नेतर्फ सचेत छौं। अब भूकम्प प्रभावितलाई कसरी न्यानोमा राख्ने भनेर केन्द्रित भएका छौं। यसका लागि सरोकारवाला निकायसमक्ष राहत बढाउन मागसमेत गरिरहेका छौं। अहिले वितरण भएका पाल पर्याप्त छैनन्। नहुनुभन्दा त छन्, तर एउटा पालले पूरै परिवारलाई ढाक्न सक्दैन। हामीले चाहेर मात्र पनि केही गर्न सकिने अवस्था छैन, तर हार मानेका छैनौं। हामी फेरि उठ्ने गरी चिसोविरुद्धको लडाइँमा छौं। सबै भूकम्प प्रभावितलाई न्यानो कपडाका लागि पहल भइरहेको छ। अस्थायी वासको व्यवस्थापन नहुन्जेलसम्म धेरै नै समस्या हुनेवाला छ। ७०-७५ जनाको संख्यामा स्वास्थ्यकर्मी खटिएका छन्। त्यसमा डाक्टरसमेत छन्। सबै पालिकावासीलाई मेरो अनुरोध छ- केही समय धैर्य गरौं, यो विपत्तिको घडीलाई सामना गरौं, एक दिन अवश्य विजयी हुनेछौं।

अस्थायी आवासको कुरा निकाल्नुभयो। भूकम्प प्रभावितले कहिलेदेखि अस्थायी आवासमा बस्न पाउँछन् ?

अहिलेको हाम्रो प्रमुख प्राथमिकता राहत वितरण नै हो। भूकम्प जानेबित्तिकै उद्धार र उपचार तथा मृतकको व्यवस्थापनमा केन्द्रित भयौं। अब भने राहतसँगसँगै अस्थायी वास व्यवस्थापनमा केन्द्रित हुँदै छौं। तिहारलगत्तै अस्थायी वास व्यवस्थापनमा लाग्छौं। ६ महिनाका लागि हुन सक्छ, एक वर्ष वा त्योभन्दा बढी समयसम्मका लागि पनि हुन सक्छ, हामीलाई अस्थायी आवासको टड्कारो आवश्यकता छ। तिहारलगत्तै अस्थायी आवास निर्माणमा लाग्छौं। हामी भूकम्प प्रभावितलाई शीतबाट जोगाउन लागिपरेका छौं।

बालबच्चा, सुत्केरी, गर्भवती र वृद्धवृद्धा बढी प्रभावित छन्

● **रवि केसी**, मेयर, आठबिसकोट नगरपालिका, रुकुम पश्चिम

आठबिसकोट नगरपालिकामा अहिलेसम्म कति राहत वितरण भयो ?

हाम्रो नगरपालिकाका सबै वडा प्रभावित छन्। क्षतिका हिसाबले ११, १२, १३ र १४ नम्बर सबैभन्दा बढी, त्यसपछि वडा नम्बर ७, ८, ९ र १० तथा त्यसपछि १ देखि ६ सम्मका वडा रहेका छन्। ४४ हजार जनसंख्या र नौ हजार सात सय घरधुरी रहेकामा लगभग सबै प्रभावित छन्। अहिले बाहिर नबस्ने परिवार नै छैनन्। पक्की घरका समेत त्रसित भएर खुला आकाशमुनि छन्। परकम्पले समेत त्रास थपिरहेको छ। नगरका ४२ जनाले ज्यान गुमाएका छन्। सबैभन्दा बढी प्रभावित वडाबाट राहत वितरणलाई जारी राखेका छौं। अहिलेसम्म सात हजार थान त्रिपाल वितरण भएको छ। अझै तीन हजार थानजति अपुग छ।

चिसोले समस्या बनाएको छ, यसका लागि के गर्दै हुनुहुन्छ ?

हो हाम्रो अहिलेको प्रमुख चुनौती भनेकै चिसो हो। बालबच्चा, गर्भवती, सुत्केरी र वृद्धवृद्धा सबैभन्दा बढी पीडामा छन्। हामीले उनीहरूलाई विशेष प्राथमिकता दिएका छौं। बालबच्चा, सुत्केरी र गर्भवतीका लागि न्यानो कपडासमेत वितरण गरिरहेका छौं। अन्यका लागि भने त्रिपाल मात्र भएको छ। चिसोबाट समस्या नहोस् भनेर स्वास्थ्यकर्मी पनि परिचालन गरिरहेका छौं। अहिले भूकम्प प्रभावित क्षेत्रमा ७०-८० जनाको संख्यामा डाक्टरसहितका स्वास्थ्यकर्मी परिचालन गरेका छौं। स्वास्थ्य जाँचसहित मानसिक स्वास्थ्यलाई समेत ध्यानमा राखेका छौं। धेरै प्रभावित अहिले पनि मानसिक त्रासमा रहेका छन्। उनीहरूलाई परामर्श गरिरहेका छौं।

अस्थायी आवास निर्माणको काम कहिले थाल्नुहुन्छ ?

तिहारको भोलिपल्टैबाट अस्थायी अवासको काम गर्ने गरी तयारीमा छौं। पालमुनि जतिसुकै न्यानो कपडा दिए पनि चिसो छेक्न सकिने अवस्था छैन। अबको हाम्रो ध्यान अस्थायी आवासमै हुन्छ। कम्तीमा घरभित्र राख्ने प्रबन्ध मिलाउँदै छौं। अस्थायी आवास सम्बन्धमा छलफल र निर्णयका लागि आइतबार सर्वदलीय बैठक डाकेका छौं। त्यसले स्पष्ट निर्णय गर्नेछ र सोहीअनुसार अस्थायी आवास निर्माणमा केन्द्रित हुनेछौं। नगरपालिकामा सात हजार ११८ घर पूर्ण क्षति भएको छ। यीबाहेक आंशिक क्षति भएका परिवारका लागि पनि अस्थायी आवासको आवश्यकता छ। नगरभरमा आठ हजारभन्दा बढी अस्थायी आवासको आवश्यकता छ।

गोठ निर्माण गरेर भूकम्प प्रभावितको व्यवस्थापन गर्छौं

● **हरिचन्द्र बस्नेत**, अध्यक्ष, कुशे गाउँपालिका, जाजरकोट

तपाईंको पालिकामा कति नागरिक प्रभावित छन् र राहत वितरणको अवस्था कस्तो छ ?

हाम्रो पालिकाभरमा चार हजार ६०२ घर छन्। यसमा ३५० घर पूर्ण रूपमा ध्वस्त भएका छन्। भूकम्पको केन्द्रबिन्दु रहेको रामीडाँडाको सिमानामा रहेका धनराशि र समाइलामा भूकम्पका कारण सातजनाको मृत्यु भयो भने १० जना घाइते भए। गाउँपालिकाको पूर्वी क्षेत्रमा भूकम्पले बढी क्षति गरेको छ। तर, यतिवेला गाउँपालिकाका सबै घरपरिवार पालमुनि छन्। लगातार आइरहेको परकम्पले एकदमै त्रसित बनाइरहेको छ। अहिलेसम्म २८ सय थान त्रिपाल वितरण गरेका छौं। ४६ सय घरमै त्रिपाल पुऱ्याउने लक्ष्यमा छौं। आठ सय बोरा चामल दिएका छौं भने पाँच-सात सय कम्बल वितरण गरेका छौं। यसका अलावा चाउचाउ, बिस्कुटलगायत खानेकुरा पनि बाँडेका छौं।

कुशेमा पनि चिसोबाट दुईजनाको मृत्यु भएको भनिएको छ।

चिसो झन् बढ्दै छ। भूकम्प प्रभावितलाई चिसोबाट जोगाउन के गर्दै हुनुहुन्छ ?

हाम्रोमा शुक्रबार मात्र दुईजनाको मृत्यु भएको छ। वडा नम्बर ५ र ६ मा एक-एकजनाको पालमै मृत्यु भएको छ। उहाँहरूलाई विभिन्न स्वास्थ्य समस्या रहेको र पालको चिसोमा बस्नुपर्दा उहाँहरूको ज्यान गएको ठानेका छौं। यो समस्या अब झन् बढ्नेछ भन्ने विश्लेषण छ। त्यसकारण हामी सचेत र गम्भीर हुनुको विकल्प छैन। सकेसम्म पाल र कम्बलको व्यवस्था त गरेका छौं, तर यतिले चिसो छेक्ने सम्भावना छैन।

भुलसुधार

मिति २०८०/०७/२५ गते नयाँ पत्रिका दैनिकमा प्रकाशित **श्री भक्तपुर जिल्ला चाँगुनारायण न.पा. वडा नं २ बस्ने बखत बहादुर थापाको नाति सुर्य बहादुर थापाको छोरा मधुकर थापा क्षेत्रीको नामको १५ दिने सूचनामा** श्री भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका हुनु पर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो।
इन्द्रै विन्ती गरुन झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो।

भावपूर्ण श्रद्धाञ्जली



जन्म : वि.सं. २००६/१२/१५

स्वर्गारोहण: वि.सं. २०८०/०४/२४

स्व. जितेन्द्र घिमिरे

मेरो सम्पूर्ण परिवारको अत्यन्तै शुभ चिन्तक तथा तत्कालिन सिंचाइ विभागका पूर्व महानिर्देशक **स्व. जितेन्द्र घिमिरेज्यू** को २०८० साल कार्तिक १७ गतेका दिन ७४ बर्षको उमेरमा असामयिक तथा दुखद निधन भएकोमा हामी मर्माहित भएका छौं।यस दुखद घडिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान होस भनी भगवानसँग प्रार्थना गर्नुका साथै हार्दिक समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिका लागि हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

श्री विनोद के.सी. (निर्देशक तथा कलाकार), श्रीमती सरला के.सी.,
श्री सहश्र के.सी., सुश्री सुविरा के.सी.
सहर्ष गणेश फिल्मस् एण्ड एड्भरटाइजिङ सर्मिस
तथा सम्पूर्ण कर्मचारी परिवार काठमाडौं

भावपूर्ण श्रद्धाञ्जली



जन्म वि.सं. २०१७/०२/०८

स्वर्गारोहण वि.सं. २०८०/०७/१६

स्व. दामोदर तिवारी

ललितपुर महानगरपालिका वडा नं. २० का वडा सचिव श्री महेश तिवारी ज्यूका पुज्यनीय पिता **श्री दामोदर तिवारी**को निधन भएको आज १२ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

चन्द्र लाल महर्जन
२० नं. वडा अध्यक्ष
तथा
सम्पूर्ण वडा परिवार

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो।
इन्द्रै विन्ती गरुन झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो।

भावपूर्ण श्रद्धाञ्जली



जन्म : वि.सं. २००६/१२/१५

स्वर्गारोहण: वि.सं. २०८०/०४/२४

स्व. जितेन्द्र घिमिरे

जलश्रोत तथा सिंचाई बिभागका अग्रज, सुभचिन्तक तथा तत्कालीन सिंचाई विभागका महा-निर्देशक श्री **जितेन्द्र घिमिरेज्यू**को मिति २०८० कार्तिक १७ गतेका दिन ७४ बर्षको उमेरमा असामयिक तथा दुखद निधन भएकोमा सम्पूर्ण जलश्रोत तथा सिंचाई विभाग मर्माहत भएको छ। यस दुखद घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना तथा भगवानले शोकसन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति प्रदान गरिदिनुहोस भन्ने प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

जलस्रोत तथा सिंचाई विभाग परिवार
जावलाखेल, ललितपुर

हार्दिक श्रद्धाञ्जली



जन्म वि.सं. २०३८/११/२१ गते

स्वर्गारोहण वि.सं. २०८०/०७/१५ गते

स्व. राजेश्वर महतो नुनिया

यस बैंकको वाइपास रोड-वीरगंज शाखामा कार्यरत हाम्रा सहकर्मी मित्र **राजेश्वर महतो नुनिया**को २०८० साल कार्तिक १५ गते बुधबार असामयिक निधन भएको खबरले हामीलाई मर्माहत बनाएको छ।
स्व. राजेश्वर महतो नुनियाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना गर्दछौं। साथै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

ग्लोबल आइएमई बैंक परिवार

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

नयाँ कप्तान र प्रशिक्षकलाई अवसर

नेपाल क्रिकेट संघले पुरुष टोलीझैं महिलातर्फ पनि नतिजा चाहना राख्दै प्रशिक्षकमा मनोज कटवाल र कप्तानमा इन्दु बर्मालाई नियुक्त गरेको छ, दुवैजना डेब्युमै आफूलाई प्रमाणित गर्ने दबाबमा छन्

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीमा अहिले ठूलो परिवर्तन भएको छ। एक हिसाबले भन्दा महिला क्रिकेट टोलीको नयाँ अध्याय प्रारम्भ भएको मानिन्छ। नेपाल क्रिकेट संघ (क्यान)को नयाँ नेतृत्वले पुरुष टोलीझैं महिला क्रिकेटमा पनि उपलब्धि चाहेको छ। त्यसैले क्यानले सुरुवाती चरणमा कप्तान र प्रशिक्षक परिवर्तन गऱ्यो। क्यानले कप्तानमा अलराउन्डर इन्दु बर्मा र घरेलु क्रिकेटका सफल प्रशिक्षक मनोज कटवाललाई जिम्मेवारी दिएको छ। यसैगरी, तीन नयाँ अनुहारलाई टोलीमा समावेश गऱ्यो। सन् २०१२ मा नेरी थापाको स्थान लिँदै रुबिना क्षेत्री कप्तान बनेकी हुन्। क्यानले उपकप्तानको जिम्मेवारी बिन्दु रावललाई दिएको छ।

रुबिनासँगै सीता रानामगर अल स्टार्स टी-२० सिरिज खेल्न हङकङमा नै छन्। क्यानको कार्यसम्पादन टोलीले हङकङमा चार देश सम्मिलित शृंखला खेल्ने निर्णय गरेको छ। जहाँ नयाँ कप्तान र प्रशिक्षक अनुबन्ध गर्दै क्यानले पुरुष टोलीझैं महिला क्रिकेटमा परिवर्तन चाहेको बताएको छ। 'हामीले कप्तान परिवर्तन गरेका छौं। हामी नतिजा चाहन्छौं। व्यक्ति परिवर्तनभन्दा पनि सोच परिवर्तनमा जान्छौं। अहिलेको प्रतियोगिताबाट अनुभवी टोली र युवा खेलाडी आऊन्। महिला टोलीले पनि पुरुष टोलीझैं नतिजा ल्याउन सक्छ,' क्यानका नवनियुक्त सचिव पारस खड्काले भने, 'रुबिनाले १०-११ वर्ष एकदमै महत्त्वपूर्ण समय र योगदान गर्नुभएको छ। उहाँको मूल्यांकन हुन्छ नै,' पूर्वकप्तान खड्काले भने।

पुरुष टोली १० वर्षपछि पुनः विश्वकपमा छनोट भएको छ। एसिया कपमा स्थान बनाउँदै विश्वका महारथी भारत र पाकिस्तानविरुद्ध बहादुरीपूर्ण प्रदर्शन गऱ्यो। १९औं एसियाडमा विश्व कीर्तिमानको चाङ लगायो। आगामी चार वर्षका लागि एकदिवसीय मान्यता कायम राख्यो। मोन्टी देसाईको प्रशिक्षणमा पुरुष टोलीले वाहवाही पाएको छ। यता, महिला टोली भने विश्वकप छनोट र एसिया छनोटमै खुम्चिएको छ। विभिन्न शृंखलामा पनि प्रदर्शन कमजोर बनेको छ। रुबिना एक दशक कप्तान रहे पनि आशाअनुसारको प्रदर्शन नआएपछि नयाँ निर्णय लिएको क्यान पदाधिकारीले बताएका छन्।

हाल महिला टोलीमा इन्दु, बिन्दु, रुबिना र सीतासहित खुसी डंगोल, सोमु विष्ट, संगीता राई, कञ्चन श्रेष्ठ, सोनी पाख्रिन, पूजा महतो, रोमा थापा, काजोल श्रेष्ठ, सम्झना खड्का र रुबी पोदार छन्। टोलीमा रहेकी कञ्चन, सोमु र सोनी नयाँ अनुहार हुन्। प्रशिक्षक कटवालले तीनै खेलाडी प्रतिभावान् रहेको र महिला क्रिकेटको भविष्य भएको बताएका छन्। 'नयाँ खेलाडी पनि निकै प्रतिभावान् छन्। उनीहरू नेपालको भविष्य हुन्,' करिब ६ वर्ष राष्ट्रिय टोलीबाट खेलेका कटवालले भनेका छन्। प्रशिक्षक कटवालले घरेलु क्रिकेटमा नेपाल पुलिस क्लब र फ्रेन्चाइज चितवन राइनोजलाई च्याम्पियन बनाइसकेका छन्।

च्याम्पियन बन्ने लक्ष्य

नेपाली महिला टोलीले च्याम्पियन भएर स्वदेश फर्कने योजना बनाएको छ। टोली प्रशिक्षक कटवाल र कप्तान इन्दुले च्याम्पियन हुन खेल्ने बताएका छन्। 'छोटो समयको तयारी छ। तर, खेलाडी अनुभवी छन्। नयाँ खेलाडी पनि उस्तै क्षमतावान् छन्। हामी च्याम्पियन भएर स्वदेश फर्कन्छौं,' प्रशिक्षक कटवालले भने, 'हाम्रो लक्ष्य ट्रफी ल्याउने हो। मलाई लाग्छ, हामी च्याम्पियन भएर आउँछौं। जापान र तान्जेनियासँग खेलेका छैनौं। हामी उनीहरूसँग राम्रो गर्छौं। हङकङसँग प्रतिस्पर्धामा जान्छौं।' कप्तान इन्दुले बलिङ राम्रो भए पनि फिल्डिङ र ब्याटिङमा कमजोर भएको बताइन्। उनले कमजोर पक्षमा ध्यान दिँदै सबै खेल जित्न खेल्ने प्रतिक्रिया दिइन्। 'सजिलो पक्कै छैन। ब्याटिङ, बलिङ, फिल्डिङ र फिटनेसलाई ध्यान दिँदै राम्रो नतिजा ल्याउने लक्ष्य छ,' कप्तान इन्दुले भनिन्, 'पहिलोपटक कप्तान भएकी छु। यो उपाधि नै जित्न चाहन्छौं।'



हङकङ प्रस्थान गर्ने महिला क्रिकेट टोलीलाई बिदाइ गर्दै क्यानका पदाधिकारी। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

नेपाली टोलीको बिदाइ

टोलीलाई शनिबार क्यानले एक कार्यक्रमका बीच बिदाइ गरेको छ। क्यानका सचिव खड्का तथा सदस्यद्वय दिवाकर घले र सुदीप शर्माले टोलीको बिदाइ गरेका हुन्। नेपाली टोली आज त्यसतर्फ प्रस्थान गर्नेछ। सचिव खड्काले पुरुष टोलीझैं प्रदर्शन गर्न र उपाधि जित्न शुभकामना दिए। उनले अहिलेको प्रदर्शनले भविष्यको ढोका खोल्ने हुँदा राम्रो प्रदर्शन गर्न आग्रह गरे। 'अहिले पुरुष टोली निकै लयमा छ। हजुरहरूको पनि प्रदर्शन सोहीअनुसार होस्। हामी च्याम्पियन भएको हेर्न चाहन्छौं। यस प्रतियोगिताको प्रदर्शनले आगामी बाटो खुल्नेछ,' खड्काले भने।

आक्रामक खेल खेल्छौं : मनोज कटवाल

प्रशिक्षक, नेपाल



चुनौती धेरै छन्। छोटो समयको तयारी छ। प्रतिस्पर्धी पनि राम्रा छन्, च्याम्पियन भएर फर्कन्छौं। हामी बलिङमा धेरै राम्रो छौं। तर, ब्याटिङ र फिल्डिङमा कमजोर हौं। ६-७ दिनमा राम्रो गर्ने प्रयास गरेका छौं। सिनियर खेलाडी सधैं तयार हुन्छन्। नयाँले पनि राम्रो गरिरहेका छन्। नयाँ तीन खेलाडी नेपाली क्रिकेटका भविष्य हुन्। फिल्डिङमा ल्याक छ। डटबल धेरै छ। २० मध्ये ९ ओभर नै डट छ। यसमा ध्यान दिएका छौं। सिंगल-डबलभन्दा पनि हिटिङमा जान्छौं। सीता र रुबिना सिनियर छन्। उनीहरूले इन्दुलाई अगाडि बढाउनुपर्छ। प्रशिक्षक, व्यवस्थापक सबैजनाले सहयोग गर्दै छौं। पारस, विनोद दासजस्तै इन्दुबाट महिला क्रिकेटमा कायापलट हुन्छ। मलाई लाग्छ, यो टिम अब राम्रो बन्छ।

कप्तानी जिम्मेवारी चुनौतीपूर्ण : इन्दु बर्मा

कप्तान, महिला क्रिकेट



नयाँ अवसरका लागि खुसी छु। यसलाई चुनौतीको रूपमा लिएकी छु। तयारी छोटो समयमा भएको छ। हामीले फिल्डिङ र फिटनेसमा ध्यान दिएका छौं। मेरो नेतृत्वमा नयाँ टोली बनेको छ। नयाँ अनुहारले स्थान पाएका छन्। राम्रो गर्नेमा आशा छ। ब्याटिङ, बलिङ, फिल्डिङ र फिटनेसलाई ध्यान दिँदै राम्रो नतिजा ल्याउने लक्ष्य छ। कप्तानी भूमिका सजिलो त हुँदैन। सबै जिम्मेवारी लिनुपर्छ। राम्रो नतिजा ल्याउन प्रयास गर्छु। जापान र तान्जेनिया राम्रा छन्। राम्रो खेल्दै जित्दै जान्छौं। पुरुष टोलीजस्तै खेल्छौं। पुरुष टोलीलाई हेरेर खेल्न निकै ऊर्जा बढेको छ। मेरो नेतृत्वमा नयाँ टोली छ। बिस्तारै राम्रो हुँदै जान्छ भन्ने आशा छ।

खेल संक्षेप

सुनखानीलाई उपाधि

काठमाडौं/ चौथो गाती सेभेन 'ए' साइड फुटबल प्रतियोगिताको उपाधि सुनखानी युवा क्लबले जितेको छ। गाती युवा क्लबको आयोजनामा शनिबार सम्पन्न खेलमा सुनखानीले अरनिको युवा क्लबलाई २-१ ले स्तब्ध बनाएको हो। सुनखानीलाई जित दिलाउन कुन्साङ श्रेष्ठ र श्रीकृष्ण श्रेष्ठले समान एक गोल गरेका थिए। अरनिकोका लागि मदन पौडेलले एक गोल फर्काएका हुन्। च्याम्पियन बनेसँगै सुनखानीले एक लाख ११ हजार एक सय ११ रुपैयाँ प्राप्त गरेको छ। उपविजेता अरनिकोले ६६ हजार ६ सय ६६ रुपैयाँ प्राप्त गऱ्यो। कात्तिक २१ गतेबाट सुरु भएको प्रतियोगितामा १५ टोली सहभागी थिए।

एरिकालाई प्रयागपोखरीको सम्मान

काठमाडौं/ नेपाल सितोरियो कराँते डो संघ प्रयागपोखरी डोजोले १९औं एसियाली खेलकुदमा ऐतिहासिक रजत पदक जितेकी कराँतेकी एरिका गुरुङलाई शनिबार नगदसहित सम्मान गरेको छ। शुभ दीपावली, नेपाल संवत् ११४४ तथा छठ पर्वको उपलक्ष्यमा प्रयागपोखरीस्थित ललितपुर जिल्ला खेलकुद विकास समितिमा आयोजित शुभकामना आदान-प्रदान कार्यक्रममा एरिकालाई सम्मान गरिएको हो। बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकार, प्रयागपोखरी डोजोका संस्थापक अध्यक्ष गोपाल महर्जन, प्रयागपोखरी डोजोका प्रशिक्षक विकास महर्जनलगायतले एरिकालाई नगद २० हजारसहित प्रशंसापत्र प्रदान गरी सम्मान गरे।

लामाचौर कपको उपाधि एलजीलाई

कास्की/ एलजी एसोसिएसनले प्रथम खुला लामाचौर कप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। एलसी ब्रदर्स लामाचौरको आयोजनामा भएको प्रतियोगिताको शनिबार सम्पन्न फाइनलमा एलजीले एन टु कफी सपलाई सडनडेथमा पराजित गर्दै उपाधि हात पारेको हो। उपाधिसँगै एलजीले दुई लाख र उपविजेता एन टुले एक लाख नगद पुरस्कार पाए। निर्धारित समयको खेल १-१ को बराबरीमा सकिएपछि खेल पेनाल्टी सुटआउटमा धकेलिएको थियो। पेनाल्टी सुटआउटमा ४-४ को बराबरी भएपछि विजेताको टुंगो सडनडेथमा लागेको थियो।

पुलिसलाई वीरगन्ज गोल्डकपको उपाधि



तिवारी यादव/नयाँ पत्रिका

विभागीय टोली नेपाल पुलिस क्लबले प्रथम वीरगन्ज गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। शनिबार आदर्शनगर रंगशालामा विभागीय डर्बीमा त्रिभुवन आर्मी फुटबल क्लबलाई पेनाल्टी सुटआउटमा २-० ले पराजित गर्दै पुलिस च्याम्पियन भएको हो। पुलिसको जितमा गोलकिपर शत्रुघन चौधरी नायक बने। उनले आर्मीका खेलाडीको दुई पेनाल्टी बचाएका थिए। प्रतिस्पर्धात्मक भिडन्तको निर्धारित समयमा दुवै टोलीले गोलरहित बराबरी खेलेपछि नतिजा पेनाल्टी सुटआउटमा निस्किएको हो। आर्मीका चार खेलाडीको प्रहार कुनै पनि सदुपयोग भएन। पुलिसका कप्तान रामचन्द्र वाजी र बुद्ध लामाले गोल गर्दा उज्ज्वल राईको प्रहार आर्मीका गोलरक्षक विकेश कुथूले बचाएका थिए। आर्मीका तर्फबाट कप्तान नवयुग श्रेष्ठ, विमल पाण्डे, सन्तोष केसी र जितेन्द्र कार्कीले पेनाल्टी प्रहार गरेका थिए। नवयुगको प्रहार बाहिरियो भने विमलको प्रहार पोलमा लाग्यो। सन्तोष र जितेन्द्रको प्रहार पुलिस गोलकिपर शत्रुघनले रोकेका थिए। उपाधि विजेता पुलिसले नगद ११ लाख ११ हजार एक सय ११ रुपैयाँ र उपविजेता आर्मीले पाँच लाख ५५ हजार पाँच सय ५५ रुपैयाँ प्राप्त गरेको छ। यो राशि मधेश प्रदेशमा आयोजना हुने प्रतियोगितामध्येको उच्च हो। वीरगन्ज महानगरपालिकाको मुख्य सहयोग र भेट्रान्स सिटी क्लब वीरगन्जको आयोजनामा १८ कात्तिकबाट सुरु भएको प्रतियोगितामा नेपाल र भारतका आठ टोलीको सहभागिता थियो। उपाधि विजेता टिमलाई वीरगन्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले पुरस्कृत गरे।

विभागीय डर्बीमा त्रिभुवन आर्मी क्लबलाई पेनाल्टी सुटआउटमा पराजित गर्दै नेपाल पुलिस क्लब च्याम्पियन

विधागततर्फ पुलिसको वर्चस्व

उपाधि विजेता पुलिस क्लबका खेलाडीले विधागततर्फको उपाधिमा वर्चस्व कायम राखेका छन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी पुलिसका मिडफिल्डर प्रताप गुरुङ घोषित भए। उनले ५० हजार प्राप्त गरे। प्लेयर अफ दी म्याच र सर्वोत्कृट गोलकिपर पुलिसकै गोलरक्षक शत्रुघन भए। उनले म्यान अफ दी म्याचको १० हजार र उत्कृष्ट गोलकिपरबापत २० हजार प्राप्त गरे। प्रतियोगिताको उत्कृष्ट मिडफिल्डर उज्ज्वल राई, रक्षकमा आर्मीका विमल र उत्कृष्ट प्रशिक्षकमा नेपाल पुलिसका चेतन घिमिरे घोषित भएका छन्। दुवैले समान २० हजार प्राप्त गरे।

■ आइसिसी एकदिवसीय विश्वकप-२०२३

भारत, दक्षिण अफ्रिका, अस्ट्रेलिया र न्युजिल्यान्ड सेमिफाइनलमा

एजेन्सी/ भारतमा जारी आइसिसी एकदिवसीय विश्वकपको सेमिफाइलन पुग्ने चारै टोलीको टुंगो लागेको छ। आयोजक भारतसँगै दक्षिण अफ्रिका, अस्ट्रेलिया र न्युजिल्यान्डले अन्तिम चारमा स्थान बनाएका छन्। निर्णायक खेलमा पाकिस्तान इंग्ल्यान्डसँग ९३ रनले पराजित भएपछि मैदानबाहिर रहेको न्युजिल्यान्ड सेमिफाइनल पुग्ने अन्तिम टोली बनेको हो। हारले पाकिस्तानको सेमिफाइनल खेल्ने आशा समाप्त भएको छ। पाकिस्तानसँगै अफगानिस्तान, साबिक विजेता इंग्ल्यान्ड, बंगलादेश, श्रीलंका र नेदरल्यान्ड्स बाहिरिएका छन्। अब पहिलो सेमिफाइनलमा भारत र न्युजिल्यान्ड तथा दोस्रो सेमिफाइनलमा अस्ट्रेलिया र न्युजिल्यान्ड भिड्नेछन्। पहिलो सेमिफाइनल वानखडे रंगशालामा १५ नोभेम्बर र दोस्रो सेमिफाइनल इडेन गार्डेनमा १६ नोभेम्बरमा हुनेछ।

भारत एक खेल खेल्न बाँकी रहँदा १६ अंकसहित शीर्ष स्थानमा छ। समान १४ अंक भए पनि दक्षिण अफ्रिका दोस्रो र अस्ट्रेलिया नेट रनरेटमा तेस्रो स्थानमा रहे। न्युजिल्यान्ड १० अंकसहित चौथो स्थानमा छ। पाकिस्तान पाँचौं, अफगानिस्तान छैटौं, इंग्ल्यान्ड सातौं, बंगलादेश आठौं, श्रीलंका नवौं र नेदरल्यान्ड्स पुछारमा रह्यो।

पाकिस्तान इंग्ल्यान्डसँग पराजित

निर्णायक मानिएको विश्वकपको ४४औं खेलमा इंग्ल्यान्डले पाकिस्तानलाई ९३ रनले हरायो। इंग्ल्यान्डको जितपछि मैदानबाहिर रहेको



न्युजिल्यान्डले खुसीयाली मनाएको छ। तीन सय ३८ रनको लक्ष्य पछ्याएको पाकिस्तान ४२.३ ओभरमा अलआउट हुँदा दुई सय ४४ रनमा समेटियो। पाकिस्तानका अघा सलमानले मात्रै अर्धशतक बनाए। उनले ४५ बलमा ५१ रन बनाएका हुन्। कप्तान बाबर आजमले ३८, हरिस राउफले ३५ र साहिन शाह अफ्रिदीले २५, मोहम्मद रिजवानले ३७ र साउद सकिलले ३९ रनको योगदान गरे। इंग्ल्यान्डका डेविड विलीले सर्वाधिक तीन विकेट लिएका छन्।

इंग्ल्यान्डको बलियो लक्ष्य


इडेन गार्डेनमा टस जितेर पहिला ब्याटिङ गरेको इंग्ल्यान्डले तीन खेलाडीको अर्धशतक महतमा ९ विकेट गुमाउँदै तीन सय ३७ रन बनायो। इंग्ल्यान्डको इनिङ्समा ओपनर जोनी बेइस्ट्रोसँगै जोइ रुट र बेन स्टोकले अर्धशतक बनाए। स्टोकले ७६ बलमा ११ चौका र दुई छक्कासहित सर्वाधिक ८४ रन बनाए। रुटले ७२ बलमा चार चौकासहित ६० रन तथा जानीले ६१ बलमा सात चौका र एक छक्कासहित ५९ रन बनाए। पाकिस्तानका हरिस राउफले सार्वधिक तीन विकेट लिएका छन्।

अस्ट्रेलियाको सातौं जित

अस्ट्रेलियाले पछिल्ला सात खेलमा आफ्नो अपराजित यात्रा कायम राखेको छ। अस्ट्रेलियाले बंगलादेशलाई ३२ बलअघि आठ विकेटले हरायो। तीन सय ७ रनको लक्ष्य पाएको अस्ट्रेलियाले ४४.४ बलमा दुई विकेट गुमाउँदै जित निकाल्यो। अस्ट्रेलियाको जितमा मचेल मार्सले शतकीय इनिङ्स खेले। ओपनर डेविड वार्नर र स्टेभन स्मिथले अर्धशतक बनाएका हुन्। एक सय ३२ बलको सामना गरेका मार्सले एक सय ७७ रनको अविजित इनिङ्स खेलेपछि अस्ट्रेलियाले सहज जित निकालेको थियो। बंगलादेशले निर्धारित ५० ओभरमा आठ विकेट गुमाउँदै तीन सय ६ रन बनाएको थियो।

अंक-तालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
भारत	८	८	०	१६	२.४५
द. अफ्रिका	९	७	२	१४	१.२६
अस्ट्रेलिया	९	७	२	१४	०.८४
न्युजिल्यान्ड	९	५	४	१०	०.७४
पाकिस्तान	९	४	५	८	-०.१९
अफगानिस्तान	९	४	५	८	-०.३३
इंग्ल्यान्ड	९	३	६	६	-०.५७
बंगलादेश	९	२	७	४	-१.०८
श्रीलंका	९	२	७	४	-१.४१
नेदरल्यान्ड	८	२	६	४	-१.६३





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com